# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक ३३८ काठमाडौं शनिबार, २४ चैत २०८० Prabhab National Daily Saturday, April 6, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com




**देवगणको नृत्य** | ललितपुरको खोकनामा रहेको प्रसिद्ध सिकाली देवगणको नृत्य शुक्रबार हनुमानढोकाको नासलचोकमा प्रदर्शन गर्दै । प्रत्येक १२ वर्षमा हुने यो नृत्यमा रूद्रायणी, भैरव, कुमारी, गणेश, ब्रह्मा, विष्णु, महेश्वर, इन्द्रयणी, बाराही, काली, महालक्ष्मी, कुमार, हनुमान, देवगणलगायत हुने छ । *तस्बिरः रत्न श्रेष्ठ/रासस*

# पर्यटकीय राजधानीमै छैन पर्यटकको वास्तविक तथ्यांक

**कास्की (प्रस)**– पर्यटकीय राजधानी पोखरा भित्रने विदेशी पर्यटकको संख्या यकीन हुन सकेको छैन । नेपाल घुम्न आउने पर्यटकमध्ये आधा पर्यटक पोखरा भित्रने आँकलन गरिए पनि वास्तविक तथ्यांक कुनै निकायसँग पनि छैन । पर्यटकको विवरण राख्ने संरचना र प्रणाली नहुँदा पोखरा आउने पर्यटकको संख्या यकीन हुन नसकेको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताए ।

'बर्सेनि पर्यटकको आवागमन वृद्धि हुँदै आएको छ तर हामी पहिलेकै अनुमानका भरमा छौं,' उनले भने, 'दैनिक, मासिक या वर्षमा कति विदेशी पर्यटक पोखरा प्रवेश गरे भन्ने आधिकारिक तथ्यांक अहिलेसम्म कसैले राख्न सकेको छैन ।' पर्यटकको स्पष्ट तथ्यांक राख्न सकिएमा पर्यटनसम्बन्धी योजना तथा कार्यक्रम निर्माणमा सहजता हुने उनको भनाइ छ ।

यस सम्बन्धमा नेपाल पर्यटन बोर्डलगायत राज्यका निकायसँग पटक-पटक माग गर्दा पनि सुनुवाइ नभएको अध्यक्ष श्रेष्ठले बताए । 'पोखरा पर्यटकीय राजधानी घोषणा भइसकेको अवस्थामा अब पर्यटकको तथ्यांक संकलनका लागि तुरुन्त आवश्यक व्यवस्था गर्नुपर्छ,' उनले भने, 'विमानस्थल र सडक नाकामा सूचना केन्द्रसहितका पर्यटक डेस्क राख्नुपर्छ ।'

अध्यक्ष श्रेष्ठले गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले पोखरा भित्रने नाकामा पर्यटक डेस्क स्थापनाका लागि चासो लिए पनि कार्यान्वयन हुन नसकेको बताए । हवाई यात्राबाट आउने पर्यटक पोखरा अन्तर्राष्ट्रिय विमानस्थल भएर पोखरा भित्रन्छन् । (**क्रमशः पृष्ठ २ मा**)

## २९ प्रतिशतले बढे विदेशी पर्यटक

**काठमाडौं (प्रस)**– यस वर्षको मार्चमा नेपाल भित्रने विदेशी पर्यटक २८.९ प्रतिशतले बढेका छन् । नेपाल पर्यटक बोर्डका अनुसार गत वर्षको मार्च महिनाको तुलनामा यस वर्षको मार्चमा नेपाल भित्रने विदेशी पर्यटकको संख्या २८ हजार ७४१ ले बढेको हो ।

गत वर्षको मार्चमा कूल ९९ हजार ४२६ विदेशी पर्यटक नेपाल भित्रिएकोमा यस वर्षको सोही अवधिमा एक लाख २८ हजार १६७ पर्यटक नेपाल आएका छन् । मार्चमा सबैभन्दा बढी भारतीय पर्यटक आएका छन् । भारतबाट सो अवधिमा ३० हजार ६९८ पर्यटक नेपाल आएका छन् । चिनियाँ पर्यटकको संख्या भने १२ हजार ९३ छ ।

बोर्डका अनुसार सो अवधिमा अमेरिकाबाट १० हजार ७७३ र बेलायतबाट सात हजार २४१ जना, श्रीलंकाबाट पाँच हजार ७४१, जर्मनीबाट पाँच हजार २५५, थाइल्याण्डबाट चार हजार ३४५, फ्रान्सबाट तीन हजार २४० र म्यानमारबाट तीन हजार १३१ जना विदेशी पर्यटक नेपाल आएका छन् । (**क्रमशः पृष्ठ २ मा**)

## उपनिर्वाचनको मनोनयन आज

# सुहाङलाई माओवादीले सघाउने



**डम्बर खड्का**
कांग्रेस



**सुहाङ नेम्बाङ**
एमाले



**मिलन लिम्बू**
रास्वपा



**डकेन्द्र थेगिम**
स्वतन्त्र



**लक्ष्मी गुरुङ**
राप्रपा

- संविधानसभा अध्यक्ष एवं एमालेका उपाध्यक्षसमेत रहेका सुवासचन्द्र नेम्बाङको निधनपछि रिक्त प्रतिनिधिसभा सदस्य चयनका लागि इलाम-२ मा उपनिर्वाचन हुन लागेको हो । बझाङ प्रदेश-१ मा कांग्रेसबाट निर्वाचित पृथ्वीबहादुर सिंहको निधन भएको थियो ।
- इलाममा एमालेले दिवंगत नेताका छोरा सुहाङलाई अघि बढाउँदा बझाङमा कांग्रेसले पनि 'सेन्टिमेन्ट' कायम गर्न सिंहका छोरा अभिषेकलाई अघि सार्दै ।
- इलाम-२ मा प्रमुख दलहरूलाई चुनौती दिंदै रास्वपाका उम्मेदवार मिलन लिम्बू र स्वतन्त्र उम्मेदवार डकेन्द्र थेगिम ।

### यस्तो छ निर्वाचन कार्यक्रम

**चैत २४** : उम्मेदवारको मनोनयन दर्ता

**चैत २५** : दाबीविरोध

**चैत २६** : उजुरी जाँचबुझ/उम्मेदवारको नामावली प्रकाशन

**चैत २७** : उम्मेदवारको नाम फिर्ता लिने/अन्तिम नामावली प्रकाशन गर्ने/निर्वाचन चिह्न प्रदान गर्ने

■ **प्रभाव संवाददाता**

**काठमाडौं**– आगामी वैशाख १५ गते हुने उपनिर्वाचनका लागि आज उम्मेदवार मनोनयन हुँदै छ । इलाम-२ मा प्रतिनिधिसभा र बझाङमा प्रदेशसभा सदस्य चयनका लागि उपनिर्वाचन हुन लागेको हो । निर्वाचन आयोगले आज (शनिबार) बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म मनोनयन दर्ता गर्ने समय तोकेको छ ।

निर्वाचनका लागि आयोगले इलाम-२ का लागि इलामका जिल्ला न्यायाधीश केशवप्रसाद घिमिरेलाई र बझाङ प्रदेश-१ मा बझाङका जिल्ला न्यायाधीश सुदर्शन लामिछानेलाई मुख्य निर्वाचन अधिकृतका रूपमा खटाएको छ । उम्मेदवारी दर्ताका लागि दलका नेताहरू हुल बाँधेर इलाम पुग्दै छन् । त्यहाँ नेपाली कांग्रेसले डम्बर खड्कालाई उम्मेदवार तय गरिसकेको छ । उनको उम्मेदवार मनोनयनका लागि कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा, सहमहामन्त्री भीष्मराज आङदेम्बेलगायत नेताहरू इलाम पुग्दै छन् ।

सत्ता गठबन्धनको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रले एमालेका उम्मेदवार सुहाङ नेम्बाङलाई सघाउने निर्णय गरेको छ । शुक्रबार एमाले जिल्ला अध्यक्ष महेश बस्नेत र माओवादीका जिल्ला संयोजकले संयुक्त अपिल जारी गर्दै सुहाङलाई साझा उम्मेदवार बनाउने निर्णय भएको जनाएको छ ।

'नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहालबीच चुनावी तालमेल गर्ने उच्चस्तरीय समझदारी भएकोले इलाम क्षेत्र नम्बर २ मा नेकपा एमालेको उम्मेदवार सुहाङ नेम्बाङलाई साझा उम्मेदवारको रूपमा प्रस्तुत गरिएको छ,' अपिलमा भनिएको छ । यसअघि माओवादीले इलाम-२ मा धिरेन्द्र शर्मालाई उम्मेदवार बनाउने निर्णय गरेको थियो । माओवादी नेता हरिबोल गजुरेलका अनुसार बझाङमा माओवादी उम्मेदवारलाई सघाउनेगरी एमालेका सुहाङलाई सघाउन लागेको हो । (**क्रमशः पृष्ठ २ मा**)

# 'गाउँभन्दा प्यारो भेडीगोठको जीवन'



**स्वर्गद्वारी (प्यूठान)**- लालीगुराँसले राताम्मे जंगल । आँखैअगाडि ठोक्किँदा चुमौंचुमौं लाग्ने सेताम्य हिमाल । जंगलको बीचमा कतै गोठ भेटिन्छन् त कतै ओडारका बास । डाँडा र हिमालको सौन्दर्यताले मनमोहित हुने जंगलका चरन क्षेत्रमा भेटिन्छन् भेडाका बथान ।

प्यूठानको गौमुखी गाउँपालिका-३ रजवारा नांगीको क्षेत्र निकै रमाइलो र लोभलाग्दो देखिन्छ । गौमुखी-नौबहिनी पर्यटकीय पदमार्गअन्तर्गतको नांगी मेलबास जंगलमा लालीगुराँसको सौन्दर्यतामा भेडापालक किसानले महत्त्व थपेका छन् । पुसदेखि जेठसम्म यस आसपासमा भेटिन्छन् २२ वर्षीय निशान्त पुनमगर र ६३ वर्षीय जीवन बुढामगर ।

वृद्ध बुढामगरले आफ्नो जीवन भेडीगोठमै व्यतीत गरिसकेका छन् । बाल्यकालमा बुवा, बाजेसँग भेडीगोठमा बिताएको सम्झँदै उनी भेडीगोठमा काम गर्ने मजदुरको रूपमा अहिले काम गर्न थालेको बताउँछन् । उनले भने, 'जीवनभर अन्तिम समयसम्म भेडीगोठमा जीवन बिताएँ । गाउँभन्दा भेडीगोठ प्यारो लाग्दछ । गोठालो जीवन नै प्रिय बन्यो ।'

रुकुमको तकसेरा गाउँका बासिन्दा रहेका जीवनले भेडीगोठमा आफ्नो जीवनको अधिकांश समय बिताए । उमेर बढ्दै जाँदा गालाका छाला चाउरी पर्न लागे, दाँत झर्न लागे तर उनको जाँगर घटेको छैन । भेडीगोठसँगको उनको सामीप्यता उस्तै छ । गोठमा घाम, पानी, असिना र हिउँमा संघर्षमय तरिकाले रमाएका जीवन बुढचौली लाग्दासमेत गोठको जीवनबाट अझै थाकेका छैनन् । अझै केही वर्ष भेडीगोठमा बिताउने रहर रहेको उनको भनाइ छ ।

बागलुङको निसीखोला गाउँपालिका चेलबांका २२ वर्षीय निशान्त पुनमगरले भेडाबाखा चराउन थालेको चार वर्ष भयो । भेडापालन उनको पुर्ख्यौली पेसा हो । बुवा एक्लैले भेडापालन गर्न नसक्ने भएपछि कक्षा ८ मा पढ्दै गर्दा उनले पढाइ छाड्नुपर्‍यो । अहिले मगर भेडा चराउन बर्सेनि लेकबेँसी गरिरहेका छन् ।

पाँच सय ५० भेडाको बथानसहित आएका मगर प्युठानको अर्खास्थित लेकाली भेगको मेलवास जंगलमा भेडाबाखा चराइरहेका छन् । हिउँ छल्न रुकुम, रोल्पाको उच्च पहाडी लेक चहार्दै अर्खाको गौमुखी जंगल क्षेत्रमा झरेको निशान्त पुनमगरले बताए । उनको सिंगो परिवार यही पेसामै आश्रित छ ।

कलिलो उमेरदेखि नै बुवासँग फिरन्ते जीवनको अनुभव गर्दै आएको बताउने निशान्तले भने, 'चरनको खोजीमा भेडाबाखा जता लगिन्छ, उतै पाल टाँगेर गोठ बनाएर बस्ने गरेका छौं ।' उनले बुवाले व्यतित गरेको भेडीगोठको जीवनलाई आफूले निरन्तरता दिन लागेका हुन् । भेडापालनबाट हुने फाइदा, जीवनयापनमा आश्रित परिवारका लागि खर्चको जोहो गर्न सकिने विश्वासले उनले यो पेसालाई अँगालेका हुन् ।

यस क्षेत्रमा आधा दर्जन गोठ ठूलो बथानसहित रहेको पाइन्छ । भेडीगोठ सरिरहन्छन् । गोठ छिटोछिटो सार्नुपर्ने भएकाले उति व्यवस्थित हुँदैनन् । गोठाला त्रिपालले छाएका गोठ र ओडार मुनि बस्छन् । खाने खर्च र कपडा बोकेर उनीहरू भेडाको बथानसहित चरन क्षेत्र रहन्छन् भने खाने खर्चको हप्तामा एकपटक नजिकका गाउँ, आफ्नो घर क्षेत्रबाट खर्च पुर्‍याउने गरिएको हुन्छ ।

वर्षमा झण्डै ११ महिना खुला आकाशमुनि जंगलमै रात बिताउने उनले हिउँदभन्दा वर्षामा दैनिकी कष्टकर हुने सुनाए । जाडो याममा हिउँ पर्न थालेपछि गोठमा काम गर्नेहरू घर फर्किन्छन् । उनले वर्षामा पाठापाठी हुर्काउन बढी समस्या हुने बताए ।

मगरले भेडाबाखा चराउन ल्याएबापत स्थानीयलाई देवालीका लागि दुई भेडा र पाँच वर्षसम्म चरन क्षेत्रका लागि एक लाख रूपैयाँ बुझाएका छन् । उनले भने, 'यो याममा सधैं नांगीको जंगलमा आउँछौं । यहाँ पोषिलो घाँस भएकाले भेडाबाखा निकै मोटा हुन्छन् ।'

एक सहयोगीसहित गत पुसमा यहाँ आएका मगर गर्मीयाम सुरु भएपछि भेडाबाखा लिएर ढोरपाटनको उकालो चढ्ने तरखरमा हुनुहुन्छ । उनले बागलुङको ढोरपाटन क्षेत्रको लेकाली भेगमा जेठसम्म फर्केर रोल्पा, रुकुम हुँदै गोठालासँग भेडा मिसाएर चराउने बताए । जंगली जनावरबाट भेडाबाखा जोगाउन चारवटा भोटेकुकुर पाल्नुभएको छ । भेडी गोठाला मगरले कुकुरले जंगली जनावरबाट जोगाउन मद्दत गरेको बताए ।

भेडाबाखापालनबाट वार्षिक ११ लाख रूपैयाँ कमाउने मगर बताउँछन् । प्यूठानसहित बागलुङ, रुकुम, रोल्पा, गुल्मी तथा अन्य थुप्रै ठाउँबाट भेडाबाखा लिन चरन क्षेत्रमै ग्राहक आउँछन् । प्रतिभेडा १५ देखि २५ हजार रूपैयाँसम्ममा बिक्री हुन्छ । (**क्रमशः पृष्ठ २ मा**)




पृष्ठ १ बाट क्रमशः

### सुहाङलाई माओवादीले...

सुहाङको पक्षमा माहोल बनाउन एमाले नेताहरू पनि शनिबार इलाम पुग्दै छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले यहाँ मिलन लिम्बूलाई उम्मेदवार बनाएको छ । लिम्बूको पक्षमा माहोल बनाउन रास्वपाका सभापति रवि लामिछाने दलबलसहित इलाम पुगिसकेका छन् । पहिचान पक्षधरहरूका तर्फबाट डकेन्द्र थेगिम स्वतन्त्र उम्मेदवार छन् । उनलाई धरानका मेयर हर्क सम्पाङको समर्थन रहेको छ ।

**इलाम-२ का उम्मेदवार**

कांग्रेसका उम्मेदवार खड्का पार्टीका जिल्ला सभापति हुन् । नेपाल विद्यार्थी (नेवि)संघबाट राजनीतिक यात्रा थालेका उनी २०५१ सालमा नेविसंघको इलाम जिल्ला सभापतिमा निर्वाचित भएका थिए । २०५८ मा नेविसंघको केन्द्रीय सदस्य र २०६४ सालमा नेविसंघ केन्द्रीय उपाध्यक्ष बनेका उनी कांग्रेसको १२औं महाधिवेशनबाट जिल्ला कोषाध्यक्षमा निर्वाचित भएका थिए ।

१३औं महाधिवेशनमा जिल्ला सभापतिमा पराजित भएका उनी १४औं महाधिवेशनमा जिल्ला सभापति बन्न सफल भए । राजनीति र समाजसेवासँगै व्यवसायमा सक्रिय ४८ वर्षीय खड्का गत वर्ष मंसिरमा सम्पन्न चुनावमा उम्मेदवार बनेका थिए । त्यतिबेला एमाले उपाध्यक्षसुवास नेम्बाङले ३० हजार २० मत पाँदा खड्काले २९ हजार ९०६ मत पाएका थिए ।

एमालेका उम्मेदवार सुहाङ सुवास नेम्बाङका छोरा हुन् । कानुन व्यवसायी सुहाङ उम्मेदवार बन्ने चर्चापछि चैत १ मा एमालेको कानुन विभागको सदस्यमा मनोनीत भएका थिए ।

रास्वपाले भने माओवादी केन्द्रको आबद्धता छोडेर स्वतन्त्र उम्मेदवारी घोषणा गरेका मिलन लिम्बूलाई आफ्नो पार्टीको टिकट दिएको छ । आदिवासी जनजाति पत्रकार महासंघका महासचिवसमेत रहेका लिम्बू यसअघि माओवादी केन्द्र निकट प्रेस सेन्टर नेपालका सचिव थिए ।

सत्तारुढ दल एकीकृत समाजवादीले पनि बेग्लै उम्मेदवार अघि सारेको छ । एकीकृत समाजवादीले अघि सारेका जितबहादुर राई इलामको माइजोगमाई गाउँपालिकाका पूर्वअध्यक्ष हुन् । उनी २०७४ को निर्वाचनमा अध्यक्ष निर्वाचित भएका थिए ।

पहिचान पक्षधरहरूका तर्फबाट डकेन्द्र थेगिम स्वतन्त्र उम्मेदवारका रूपमा चुनावी मैदानमा छन् । थेगिमलाई जनता समाजवादी पार्टी (जसपा) सहित ४१ वटा राजनीतिक तथा सामाजिक संस्थाको समर्थन छ । त्यसैगरी डा. बाबुराम भट्टराईको पार्टी नेपाल समाजवादीले पनि थेगिमलाई सघाउने निर्णय गरेको छ ।

थेगिम २०६० चैतदेखि किरात धर्म तथा साहित्य उत्थान संघको केन्द्रीय समिति र महागुरु फाल्गुनन्द स्मृति प्रतिष्ठानको अध्यक्ष थिए । लामो समय एमालेमा रहेका थेगिम पहिचान आन्दोलनको बलमा एमालेको दबदबा रहेको इलाम-२ मा चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले लक्ष्मी गुरुङलाई उम्मेदवार बनाएको छ । गुरुङ राप्रपानिकट विद्यार्थी संगठन राप्रविसंघका पूर्वकेन्द्रीय उपाध्यक्ष हुन् ।

**बझाङमा को को ?**

बझाङ प्रदेशसभा-१ मा कांग्रेसले अभिषेक सिंहलाई अघि सारेको छ । त्यहाँबाट निर्वाचित कांग्रेस सांसद पृथ्वीबहादुर सिंहको सवारी दुर्घटनामा परी असार ५ मा निधन भएपछि उक्त सिटमा उनकै छोरालाई पार्टीले अघि सारेको हो ।

२०७२ मा नेपाल तरूण दल बझाङ-१ को क्षेत्रीय सभापति भएका सिंह कांग्रेसको १४औं महाधिवेशनमा जिल्ला कार्यसमिति बझाङको सदस्यमा निर्वाचित भएका थिए । २०७९ को स्थानीय तह निर्वाचनमा जयपृथ्वी नगरपालिका-५ को वडाध्यक्षमा अभिषेक पराजित भएका थिए ।

बझाङ-१ मा सत्ता साझेदार नेकपा एमालेले माओवादी केन्द्रका उम्मेदवारलाई सघाउने सहमति भएको बताइएको छ । माओवादी केन्द्रले जनक बुढालाई अघि सारेको छ । बुढा माओवादी केन्द्र सुदूरपश्चिमका सचिव हुन् । उनी दोस्रो संविधान सभामा सदस्य थिए । एमालेले जिल्ला अध्यक्ष दमन भण्डारीलाई उम्मेदवार बनाउने तय भएको थियो । इलाममा माओवादीले एमालेका सुहाङलाई समर्थन गर्ने भएपछि बझाङमा माओवादीलाई छाडिएको जनाइएको छ ।

उक्त निर्वाचन क्षेत्रमा सत्तारुढ दलहरू एकीकृत समाजवादी र जनता समाजवादी पार्टी पनि बेग्लाबेग्लै उम्मेदवार खडा गर्ने भएका छन् । एकीकृत समाजवादीले दिलबहादुर सिंहलाई उम्मेदवार बनाउने तय भएको छ । सिंह एमालेका पूर्वजिल्ला अध्यक्षसमेत हुन् । उनी तत्कालीन नेकपामा पनि बझाङका जिल्ला अध्यक्ष थिए ।

■■■

### पर्यटकीय राजधानीमै...

स्थलमार्गबाट भित्रने पर्यटक पृथ्वी राजमार्ग, सिद्धार्थ राजमार्ग र मध्यपहाडी लोकमार्ग हुँदै पोखरा आइपुग्छन् । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका प्रमुख नवीन पोखरेलले पर्यटकीय राजधानी आउने पर्यटकको यथार्थ विवरण राख्न नसक्नु कमजोरी रहेको बताए ।

बोर्डको पहलमा विमानस्थल र पर्यटक बसपार्कमा पर्यटकको तथ्यांक लिन आवश्यक तयारी गरिएको उनको भनाइ छ । 'माइक्रोलगायत अन्य निजी सवारीसाधनबाट पर्यटक आइरहेका हुन्छन्, पोखरा जोडिने सडक नाका पनि धेरै छन्,' प्रमुख पोखरेलले भने, 'पोखरामा रहेका पर्यटकस्तरीय होटलले सफ्टवेयर प्रणालीमार्फत पर्यटकको विवरण राख्न सकेमा मोटामोटी तथ्यांक आउँछ ।'

होटल व्यवसायीलाई दैनिक बास बसेका पर्यटकको विवरण दिन आग्रह गरिए पनि व्यवसायीले उपलब्ध नगराएको उनको भनाइ छ । तथ्यांक अन्दाज गर्ने विषय नभएको भन्दै उनले सम्बद्ध सबै पक्ष यसमा जिम्मेवार र जवाफदेही हुनुपर्ने बताए । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का प्रमुख डा. रबिन कडरियाले 'एक्याप' प्रवेश गर्ने विदेशी पर्यटकको मात्र तथ्यांक राख्ने गरिएको बताए ।

उनका अनुसार पोखरा आएकामध्ये झण्डै आधा पर्यटक मात्र 'एक्याप' को भ्रमण गर्छन् । 'यस क्षेत्रमा सबैभन्दा बढी भारतीय पर्यटकीय आउँछन्, अन्नपूर्ण क्षेत्र पदयात्राका लागि विश्वमै आकर्षक गन्तव्य मानिन्छ,' उनले भने, 'एक्यापले ठाउँठाउँमा चेकपोस्ट र पर्यटक सूचना केन्द्रमार्फत विदेशी पर्यटकको विवरण संकलन गर्छ ।'

पर्यटकीय राजधानी पोखरा भित्रने पर्यटकको संख्यालाई तथ्यांक प्रणालीमा राख्न अब ढिलाइ गर्न नहुने डा. कडरियाले बताए । पछिल्लो समय पोखरा आसपासका गन्तव्यमा भारतीय पर्यटकको संख्या उल्लेख्य वृद्धि भएको उनको भनाइ छ । प्राकृतिक सुन्दरता, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदिले यस क्षेत्र पर्यटकको रोजाइमा पर्ने गरेको डा. कडरियाले बताए ।

प्राचीन संस्कृति, कला र सभ्यताका दृष्टिले पनि पोखरा र सिंगो गण्डकी प्रदेश अगाडि छ । यहाँका जातीय पर्व, परम्परा र रीतिरिवाजले पनि पर्यटकलाई लोभ्याउने गर्छ । परम्परा झल्काउने गीत, नाच र झाँकी पोखराका सांस्कृतिक धरोहर हुन् । आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, स्तरीय आतिथ्यता र सेवासुविधालाई आधार मानेर पोखरालाई हालै पर्यटकीय राजधानी घोषणा गरिएको थियो । फ्रान्सेली नागरिक मौरिस हर्जगले सन् १९५० मा पहिलोपटक अन्नपूर्ण हिमाल आरोहण गरेसँगै पर्यटनमा बामे सरेको पोखरा अहिले विश्व पर्यटन बजारको 'ब्राण्ड' बनेको छ ।

■■■

### २९ प्रतिशतले...

क्षेत्रीय हिसाबले हेर्दा एसिया (सार्क)बाट ४० हजार ७२७, एसिया (अन्य)बाट २८ हजार ६४८, युरोपबाट २७ हजार ५८२, ओसनियाबाट चार हजार ७८० र क्यानडा र अमेरिकाबाट १२ हजार ६१४ जना पर्यटक नेपाल आएका छन् ।

यस वर्षको जनवरीमा ७९ हजार १०० र फेब्रुअरीमा ९७ हजार ४२६ विदेशी पर्यटक नेपाल भित्रिएका थिए । सन् २०२३ को पहिलो तीन महिनामा दुई लाख २७ हजार ७५५ जना विदेशी पर्यटक नेपाल भित्रिएकोमो सन् २०२४ को पहिलो तीन महिनामा तीन लाख चार हजार ६९३ जना विदेशी पर्यटक नेपाल भित्रिएका छन् । जुन ३३.७८ प्रतिशतले बढी हो ।

■■■

### गाउँभन्दा प्यारो...

वर्षमा दुईपटक ऊन निकाल्ने र भेडा बिक्रीबाट वार्षिक ११ लाख रूपैयाँको कारोबार र चार लाख रूपैयाँ बचत हुने उनले सुनाए ।

प्यूठानको लेकाली क्षेत्रमा प्रशस्त भेडीगोठ छन् । स्थानीयले समेत १०० देखि दुई-तीन सयका हाराहारीमा भेडा पालेर बसेका छन् । प्यूठान गौमुखी-३ उत्तिसेमा २०० वटा भेडा पालेर बसेका भविराम पुनले भेडापालन गतिलो आम्दानीको स्रोत बनेको बताए । *रासस*

# नियमिततर्फको एसइई परीक्षा सकियो, प्राविधिकतर्फको जारी



**भक्तपुर (प्रस)-** यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) को नियमिततर्फको परीक्षा सकिएको छ । राष्ट्रिय परीक्षा बोर्डले चैत १५ गतेदेखि सञ्चालन गरेको परीक्षाको नियमितमा साधारणतर्फको परीक्षा सम्पन्न भएको परीक्षा नियन्त्रण कार्यालयका एसइई परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए ।

शुक्रबारसम्मको परीक्षा देशभर शान्तिपूर्ण रपमा सम्पन्न भएको र केही छिटफुट घटनाबाहेक अन्य गम्भीर कुनै घटना नभएको उनले जानकारी दिए । देशभरका दुई हजार ६४ परीक्षा केन्द्रमा एकैसाथ सञ्चालन भएको परीक्षातर्फ प्राविधिकतर्फको परीक्षा र नयाँ पाठ्यक्रमबाट हटाएको तर पुरानो पाठ्यक्रममा रहेको एक विषयको स्तरवृद्धि परीक्षा भने जारी रहेको उनले जानकारी दिए ।

परीक्षा नियन्त्रक पौडेलले शुक्रबार भने, 'साधारणतर्फको नियमित विषयका परीक्षा आजदेखि सकिएको छ तर प्राविधिक धारतर्फका परीक्षा भने २७ गतेसम्म सञ्चालन हुने छ, पुरानो पाठ्यक्रममा रहेको स्वास्थ्य जनसंख्या तथा वातावरण विषयको स्तरवृद्धि परीक्षा पनि बाँकी छ, २७ गतेदेखि एसइईका सबै परीक्षा सम्पन्न हुन्छन् ।'

परीक्षा व्यवस्थित, मर्यादित, निष्पक्ष, भयरहित र शान्तिपूर्ण रूपमा सम्पन्न भएको बताउँदै उनले परीक्षा अवधिभर देशभरबाट करिब १०० जना विद्यार्थी, छ जना केन्द्राध्यक्ष र १६ जना निरीक्षकलाई कारबाही गरी निष्काशन गरेको जानकारी दिए । परीक्षामा सामुदायिक तथा संस्थागत गरी १० हजार ८०६ विद्यालयका दुई लाख ५० हजार ७७२ छात्रा, दुई लाख ५३ हजार ६२७ जना छात्र र अन्य १५ जना गरी कूल पाँच लाख चार हजार ४१४ परीक्षार्थीले फाराम भरेका थिए । कूल परीक्षार्थीमध्ये ५०६ विद्यालयका १५ हजार ७४९ परीक्षार्थी प्राविधिक धारतर्फका रहेका छन् ।

परीक्षा नियन्त्रक पौडेलले परीक्षार्थी कम्तीमा सैद्धान्तिक विषयमा ३५ अंक र प्रयोगात्मकमा ४० अंक ल्याउनुपर्ने बताउँदै १०० पूर्णांक रहेको विषयमा ३५ अंक र ७५ पूर्णांक रहेको विषयमा २७ अंक ल्याउनुपर्ने बताए । परीक्षा नियन्त्रक पौडेलले ३५ प्रतिशतभन्दा कम अंक ल्याएमा कक्षा ११ मा भर्ना हुन नपाउने र पुन मौका परीक्षामा सहभागी हुनुपर्ने छ । ३५ अंक ल्याउन नसक्ने विद्यार्थीले पहिलो वर्ष दुई विषयको मौका परीक्षा दिन पाउने व्यवस्था गरेको उनले जानकारी दिए । विद्यार्थीले तीन पटकसम्म दुई विषयमा स्तरवृद्धि परीक्षामा सहभागी हुन पाउने छन् ।

# पाठ्यपुस्तक र पोसाक आफैं बेच्ने विद्यालयलाई कारबाही गरिने

**काठमाडौं (प्रस)-** काठमाडौं महानगरपालिकाले आफ्नो मतहतका विद्यालयलाई शैक्षिक वर्ष २०८१ का लागि पाठ्यपुस्तक, पोसाक तथा स्टेसनरी विद्यार्थीलाई विद्यालयबाटै किन्न बाध्य बनाए कारबाही गर्ने चेतावनी दिएको छ ।

कामपा शिक्षा विभागले सामुदायिक र संस्थागत दुवै विद्यालयलाई परिपत्र गर्दै उक्त चेतावनी दिएको हो । आगामी शैक्षिक वर्ष २०८१ का लागि प्रयोग गर्ने पाठ्यपुस्तक, पोसाक तथा स्टेसनरी विद्यालयबाटै बिक्री गर्न र किन्न बाध्य बनाउने काम प्रचलित कानुनविपरीत रहेको शिक्षा विभागकी निमित्त विभागीय प्रमुख सरस्वती पोखरेलले जारी गरेको परिपत्रमा उल्लेख छ ।


पत्रमा भनिएको छ, 'सामुदायिक विद्यालयले पाठ्यक्रम विकास केन्द्रले तयार पारेका पाठ्यपुस्तक मात्र प्रयोग गर्न पाउने छन्, अंग्रेजी माध्यमका पाठ्यपुस्तक प्रयोग गर्नुपरेमा केन्द्रले अनुवाद गरेर प्रकाशन गरेका वा सूचीकृत भएका मात्र प्रयोग गर्नुपर्नेछ ।'

महानगरले भनेबाहेकका पाठ्यपुस्तकका लागि महानगरपालिकाले भुक्तानी नगर्ने पनि स्पष्ट पारेको छ । त्यसैगरी संस्थागत विद्यालयले पाठ्यक्रम विकास केन्द्रले सूचीकृत गरेका पाठ्यसामग्री मात्र प्रयोग गर्न गराउनु उल्लेख गरिएको छ ।

विद्यालयले स्वीकृत पाठ्यसामग्री प्रयोग नगरेमा, पोसाक, स्टेसनरीलगायतका सामग्री विद्यालयबाट खरिद गर्न विद्यार्थी तथा अभिभावकलाई बाध्य गराएमा शिक्षा ऐन, २०२८ शिक्षा नियमावली २०५९ तथा काठमाडौं महानगरपालिकाको शिक्षा ऐन, २०७५, नियमावली २०७४ तथा प्रचलित कानुनबमोजिम कारबाही हुने परिपत्रमा उल्लेख छ ।

हाल कामपामा सामुदायिक र संस्थागत गरी करिब ६०० विद्यालय रहेका छन् । चालु आर्थिक वर्षमा कामपाले शिक्षाका लागि एक अर्ब ३२ करोड लाख ३३ हजार रूपैयाँ रकम विनियोजन गरेको छ ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

चैत २४ गते २०८०, शनिबार

| | |
|---|---|
| **मेष** | घरको सामान्य मनोरञ्जनमा सहभागिता भइनेछ । |
| **वृष** | मानसिक चिन्ता बढेपनि श्रमको उचित मल्यांकन हुनेछ । |
| **मिथुन** | प्रेम सम्बन्ध कसिलो हुँदै जानेछ |
| **कर्कट** | नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ । |
| **सिंह** | प्रेमी र प्रेमिकाको सहयोग मिल्नेछ । |
| **कन्या** | राज्य र समाजबाट सहयोग मिल्नेछ । |
| **तुला** | स्वादिष्ट भोजनको अवसर प्राप्त हुने योग छ । |
| **वृश्चिक** | चिताएको र गरेको कार्यमा सफलता पाइनेछ । |
| **धनु** | परिवारसँग समय बिताउने अवसर जुट्नेछ । |
| **मकर** | कार्य सम्पादनमा सहजता मिल्नेछ । |
| **कुम्भ** | सामान हराउने वा चोरी हुने भय छ । |
| **मीन** | वैदेशिक कारोबारमा अधिक सफलता मिल्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

चैत २४ गते, २०८०, ६ अप्रिल, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.१५ | १३३.७५ |
| युरो | १ को | १४३.६६ | १४४.३१ |
| पाउन्ड स्टिर्लङ | १ को | १६७.९४ | १६८.६९ |
| स्विस फ्रैन्क | १ को | १४७.६७ | १४८.३४ |
| अस्ट्रेलियन डलर | १ को | ८६.७१ | ८७.१० |
| क्यानाडियन डलर | १ को | ९८.२५ | ९८.६९ |
| सिंगापुर डलर | १ को | ९८.७० | ९९.१४ |
| जापानी येन | १० को | ८.८० | ८.८४ |
| चिनियाँ युआन | १ को | १८.४४ | १८.५२ |
| साउदी अरब रियाल | १ को | ३५.५० | ३५.६६ |
| कतारी रियाल | १ को | ३६.५१ | ३६.६८ |
| थाई भाट | १ को | ३.६६ | ३.६८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२६ | ३६.४२ |
| मलेसियन रिङ्गेट | १ को | २८.१८ | २८.३१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८८ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १२.४५ | १२.५० |
| डेनिस क्रोनर | १ को | १९.२६ | १९.३५ |
| हङकङ डलर | १ को | १७.०१ | १७.०९ |
| कुवेती दिनार | १ को | ४३२.७७ | ४३४.७२ |
| बहराइन दिनार | १ को | ३५३.१७ | ३५४.७७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचदा।यचन।लउ मा उपलब्ध हुनेछ ।



**क्वार्ज क्रिस्टल प्रतिस्थापन**
गोरखा जिल्लाको अमूल्य नाथको रूपमा रहेको तथा पुरातात्त्विक महत्त्वको बहुमूल्य धातु 'क्वार्ज क्रिस्टल' गोर्खा दरबार संग्रहालयमा शुक्रबार प्रतिस्थापन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल । *तस्बिरः प्रदीपराज वन्त/रासस*

# कामपा-२३ का १८ सम्पदास्थलमा क्युआर

**काठमाडौं (प्रस)-** काठमाडौ महानगरपालिकाको वडा नं. २३ ले आफ्नो वडाभित्र रहेका १८ वटा सम्पदास्थलको जानकारी दिन 'क्युआर (क्विक रेस्पोन्स) कोड' राखेको छ । सांस्कृतिक सम्पदाहरूको अरुलाई चिनाउँदा गलत रूपमा चिनाएपछि प्राचीन, पुरातात्त्विक तथा ऐतिहासिक तथ्यमा तोडमोड हुने भएकोले यो खतराबाट सम्पदाहरूलाई जोगाउन क्युआर कोडको प्रयोग थालिएको वडाको भनाइ छ ।

बुधबार कुमारी घरको प्रवेश द्वारसँगै राखिएको कोड स्क्यान गर्दै काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले कार्यक्रम थालनी गरेकी थिइन् । जनजीवनमा कुमारी घर भनेर चिनिने यस संरचनालाई नेपाल भाषीहरू कुमारी छेँ, कुमारी वहाः भन्छन् । यसको मौलिक नाम राजकीर्ति मनोरम विहार हो । यसलाई राजलक्ष्मी बिहारका नामले पनि चिनिन्छ ।

'क्युआर कोड स्क्यान गरेपछि यसको स्थापना कहिले भयो,



यससँगै सम्बन्धित प्राचीन अवस्था, परिवर्तित अवस्था र अहिलेको अवस्था (भौतिक अवस्था तथा अभौतिक चलन), यससँग सम्बन्धित पर्वपूजा, कुमारी प्रतिस्थापन विधि, कुमारीको बाहय आगमन, कुमारीको दर्शन कहिले र कसरी हुन्छ, जस्ता विषयसँग सम्बन्धित जानकारी पढ्न र सुन्न सकिन्छ,' वडाले जनाएको छ ।

कुमारी घरको जस्तै सबै सम्पदाका क्युआर कोडमा यस्तै विवरण राखिएका छन् । वडा २३ ले सम्वर्द्धनसँगको सहकार्यमा सम्पदाको चिनारीलाई प्रविधि हेर्न, बुझ्न र जान्न सक्ने बनाएको हो । क्युआरमा भएका विवरणलाई अहिले नेपाली र अंग्रेजी शब्दमा पढ्न र आवाजमा सुन्न सक्ने बनाएको छ ।

'जिज्ञासुहरूको पढ्ने, हेर्ने र सुन्ने रुचिअनुसारको ढाँचामा सम्पदाको सही जानकारी दिन प्रविधिको प्रयोगको सहयोग गर्ने छ,' कार्यक्रम थालनी गर्दै उपप्रमुख डंगोलले भनिन् । प्रविधिको यसप्रकारको प्रयोगले मौलिकता जोगाउन र प्रवर्द्धन गर्न मद्दत गर्नेछ, उनको भनाइ थियो ।

# सुधार हुँदै नेपालको वायुको गुणस्तर

■ **भीष्मराज ओझा**

**काठमाडौं–** विगतका वर्षमा हिउँदे याममा काठमाडौंलगायत मुलुकका प्रमुख सहरमा वायु प्रदूषण बढेको देखिन्थ्यो । वि.सं. २०७७ पुस २० गते काठमाडौंलगायत सहरको वायु प्रदूषणको स्तर अत्यधिक बढेपछि वातावरण विभागले घर बाहिर निस्कँदा नागरिकलाई सजगता अपनाउन प्रेस विज्ञप्ति जारी गर्दै अपिल नै गर्नुपरेको थियो ।

तर पछिल्लो केही वर्षयता भने वायुको गुणस्तरमा तुलनात्मक सुधार देखिन थालेको छ । वायुमा मानव स्वास्थ्य र वातावरणलाई नकारात्मक असर पुऱ्याउने वस्तुहरू तोकिएको सीमाभन्दा बढी मात्रामा मिसिनु नै वायु प्रदूषण हो । वायु प्रदूषण मानवीय र प्राकृतिक दुवै कारणले हुन सक्दछ ।

विभागका अनुसार सन् २०२१ पछि नेपालमा वायुको गुणस्तरमा सुधार देखिएको छ । वायु प्रदूषणका प्रमुख कारक कम हुँदै गएपछि वायुको गुणस्तरमा सुधार देखिएको विभागका सूचना अधिकारी दीपक ज्ञवालीको भनाइ छ । 'सन् २०२१ मा वायु प्रदूषण ह्वात्तै बढेको थियो । त्यसपछि वायु प्रदूषण कम हुँदै गएको तथ्यांक छ,' उनले भने ।

वायु प्रदूषणका प्रमुख कारणमा सवारीसाधनबाट हुने उत्सर्जन, बाटो र निर्माण गतिविधिबाट निस्कने धुलोका कण, उद्योग तथा इँटाभट्टाबाट हुने उत्सर्जन, जथाभावी फोहर व्यवस्थापन र वन डढेलोलगायत हुन् । ग्रामीण क्षेत्रमा खाना पकाउन बालिने दाउराका कारण घरभित्र वायु प्रदूषण एक समस्याका रूपमा देखापरेको छ । कतिपय अवस्थामा भारतमा बढ्दो विकास निर्माणका गतिविधि र कृषिजन्य सामग्री जलाउँदा उत्सर्जन हुने वायु प्रदूषण नेपालका सिमानामा रहेका सहरसम्म पुग्ने गरेको छ ।

'वायु प्रदूषण उच्च हुने समयमा वर्षा हुँदा, हावा चल्दा, डढेलो लाग्ने बेला वर्षा हुँदा यसले वायु प्रदूषण रोक्न ठूलो योगदान पुग्ने गरेको छ,' सूचना अधिकारी ज्ञवलीले भने, 'मुलुकको आर्थिक मन्दीका कारण पूर्वाधार विकासका गतिविधिमा आएको कमीले पनि वायुको गुणस्तरमा योगदान पुगेको आकलन गर्न सकिन्छ ।' तर यसबारेमा यकीन गर्न आवश्यक अध्ययन जरुरी रहेको उनको भनाइ छ ।

त्यस्तै विद्युतीय सवारीसाधन र विद्युतीय चुलोको प्रयोग पनि बढेको छ । वायु प्रदूषणका स्रोतमध्येको एक इँटाभट्टा उद्योगहरूले पनि हाल नयाँ प्रविधि जडान गरेका छन् । अर्कातिर आर्थिक मन्दीका कारण हाल ५० प्रतिशतको हाराहारीमा मात्र यस्ता इँटा उद्योग सञ्चालनमा छन् ।

नेपाल इँटा उद्योग महासंघका अध्यक्ष शंकरबहादुर चन्दका अनुसार हाल इँटाको बजार ८० प्रतिशतले घटेको छ । 'हाल ४० देखि ५० प्रतिशत इँटा उद्योगमात्र सञ्चालनमा छन्, त्यो पनि पूर्ण क्षमतामा चलेका छैनन्,' अध्यक्ष चन्दले भने, 'देशभरिमा एक हजार १०० जति इँटा उद्योग रहेकामा हाल करिब ५०० उद्योगमात्र सञ्चालनमा छन् ।' एकपटक बन्द भएपछि इँटा उद्योग पुनः सञ्चालन गर्न गाह्रो रहेको उनको भनाइ छ ।

### काठमाडौंको वायुको गुणस्तर मापदण्डभन्दा न्यून

यद्यपि अझै पनि काठमाडौंलगायत केही ठूला सहरको वायु गुणस्तर विश्व स्वास्थ्य संगठनको मापदण्डभन्दा न्यून नै छ । वायु प्रदूषणको मापन 'एअर क्वालिटी इन्डेक्स' (एक्युआई) शून्यदेखि ५० सम्मलाई स्वास्थ्यका लागि राम्रो मानिन्छ । एक्युआई ५० देखि एक सयसम्मलाई औसत र त्यसभन्दा माथिको स्तरले अस्वस्थकर वातावरणलाई जनाउँछ । बिहीबारको दिन काठमाडौंको एक्युआई औसतमा १६० रहेको थियो ।

तसर्थ वायुको गुणस्तर सुधारमा गर्नुपर्ने काम अझै धेरै बाँकी रहेको यस क्षेत्रका जानकारको भनाइ छ । साथै नेपालमा वन डढेलोबाट हुने वायु प्रदूषणको सम्भावना पनि सधैँ कायम रहिरहेको हुन्छ ।

प्रदूषण बढ्नाले वायुमा माटोका कण, उद्योग तथा आगोजन्य गतिविधिबाट निस्कने धुवाँ, कार्बन, रसायन, विभिन्न ग्याँस मिसिन्छन् । साथै जीवाष्म इन्धनको प्रयोगले निस्कने सल्फरडाइअक्साइड, नाइट्रोजन अक्साइड, कार्बन मानोअक्साइडजस्ता ग्यासले मानव स्वास्थ्यमा असर गर्नुका साथै तापमानमासमेत वृद्धि हुने गरेको छ ।

नेपाल सरकारले वायुको गुणस्तर मापनका लागि देशभर २७ स्थानमा वायु गुणस्तर मापन केन्द्र स्थापना गरेको छ । साथै चालु आर्थिक वर्षसम्म थप तीन स्थानमा मापन केन्द्र जडान गर्ने तयारी भइरहेको छ । वायु प्रदूषण सबैभन्दा बढी विहान सात-आठ बजेको समयमा हुने गरेको छ । वायुमा रहेका धुलोका कण दिउँसो घामले तातेर हलुका भएपछि आकाशमा उड्ने र राति चिसो बढेसँगै पुनः जमिनमा झर्ने गर्दछन् ।

वातावरण तथा सार्वजनिक स्वास्थ्य संगठन (इन्फो) नेपालका कार्यक्रम निर्देशक राजेन्द्र श्रेष्ठले वायुको गुणस्तर सुधार भएको बारेमा आएका तर्कको तथ्यांक यकिन गरेर हेर्नुपर्ने बताए । वायु प्रदूषणका स्रोतमा कमी आएको र जनता जागरुक भएको स्वीकार गर्दै उनले भने, 'कलकारखाना वृद्धिमा कमी, विद्युतीय गाडी र चुलोको प्रयोगमा वृद्धि, विकास निर्माण र इँटाभट्टा सञ्चालनमा कमी, सडकको स्तोन्नतिलगायतका कारणले वायु प्रदूषणमा कमी देखिएको हुनसक्छ ।'

पछिल्लो समय वायु प्रदूषणबारे जनचेतना बढेको, दाउरा र फोहोर बाल्नेको संख्यामा कमी आएको तथा प्रविधिको प्रयोग बढ्दा प्रदूषणका स्रोतमा कमी आएको उनको भनाइ छ । नेपालमा मानिसको मृत्यु हुने प्रमुख तीन कारणमध्ये मुटु र फोक्सोसम्बन्धी रोग र मष्तिस्कघात हुन् । यी तीनै रोगको सम्बन्ध वायु प्रदूषणसँग पनि छ ।

वायु प्रदूषणका कारण विशेषतः श्वासप्रश्वाससम्बन्धी रोगहरूमा बढोत्तरी भएको पाइन्छ । विश्व स्वास्थ्य संगठनका अनुसार प्रत्येक वर्ष विश्वव्यापीरूपमा करिब ७० लाख मानिसको वायु प्रदूषणका कारण अकालमा ज्यान जाने गरेको छ । नेपालमा वायु प्रदूषणका कारण बर्सेनि करिब ४० हजार मानिसले ज्यान गुमाउने गरेको बताइन्छ ।

वायु प्रदूषणका कारण कृषि उत्पादनमा ह्रास आउने, पर्यटन क्षेत्रमा ह्रास आउनेजस्ता कारण अर्थतन्त्रमा समेत असर पुर्याइरहेको हुन्छ । वायु प्रदूषणले मानिसलाई मात्र नभई जंगली जनावर, बोटबिरूवालगायत समग्र पर्यावरणमा नै नकारात्मक असर पुऱ्याइरहेको हुन्छ । तसर्थ वायु प्रदूषण नियन्त्रण गर्न सबै सरोकारवालाबीच साझेदारी आवश्यक छ । *रासस*

## समाचार संक्षेप

### लुम्बिनी प्रदेशका मुख्यमन्त्रीमा महरा

**लुम्बिनी (प्रस)-** लुम्बिनी प्रदेश सरकारको मुख्यमन्त्रीमा नेकपा माओवादी केन्द्रका संसदीय दलका नेता जोखबहादुर महरा नियुक्त भएका छन् ।

प्रदेशसभामा रहेका पाँच राजनीतिक दलका ४७ र एक स्वतन्त्रसहित ४८ प्रदेशसभा सदस्य समर्थनमा प्रदेश प्रमुख अमिक शेरचनले महरालाई मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

प्रदेश प्रमुख शेरचनले नेपालको संविधानको धारा १६८ को उपधारा २ बमोजिम मुख्यमन्त्रीमा माओवादी केन्द्र संसदीय दलका नेता महरालाई नियुक्त गरेका प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता भूमिश्वर ढकालले जारी गरेका विज्ञप्तिमा जनाइएको छ ।

महरालाई नेकपा एमालेका २९, नेकपा माओवादी केन्द्रका १०, नागरिक उन्मुक्ति पार्टीका चार, जसपाका तीन, नेकपा एकीकृत समाजवादीका एक र एक स्वतन्त्र एक सदस्यको समर्थन छ ।

### सुनसरीका पाँच गाउँपालिकामा कफर्यु

**सुनसरी (प्रस)-** जिल्ला प्रशासन कार्यालय सुनसरीले विभिन्न पाँच स्थानीय तहमा कफर्यु आदेश जारी गरेको छ । कामु प्रमुख जिल्ला अधिकारी वेदराज फुयालद्वारा शुक्रबार जारी सूचनामा इनरुवा नगरपालिका, हरिनगर, देवागञ्ज, झोक्राहा नरसिंह र कोशी गाउँपालिकामा शुक्रबार अपराह्न ५ बजेदेखि लागू हुनेगरी कफर्यु आदेश जारी गरेको हो ।

कार्यालयले जारी गरेको सूचनामा शान्ति सुरक्षाको संवेदनशीलतालाई समेत मध्यनजर राखी सम्भावित मानवीय क्षति कम गर्न तथा सम्पत्तिको सुरक्षा गर्न स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम अर्को सूचना नभएसम्मका कफर्यु आदेश जारी गरिएको उल्लेख छ ।

यहाँका स्थानीय समुदायका दुई पक्षबीच झडप भई तनावपूर्ण स्थिति सिर्जना भएपछि शान्ति सुरक्षा कायम गर्ने हेतुले कफर्यु आदेश जारी गरिएको बताइएको छ ।


**सेन्चुरी इनर्जी लिमिटेड**
का.म.न.पा. वडा नं. ९, काठमाडौं
**विशेष साधारण सभा सम्बन्धी सूचना**
प्रथम पटक प्रकाशित मिति : २०८०/१२/२४

आदरणीय शेयरधनी महानुभावहरु,
यस सेन्चुरी इनर्जी लिमिटेडको सञ्चालक समितिको मिति २०८०/१२/१५ को बैठकको निर्णयानुसार यस कम्पनीको विशेष साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुलाई व्यक्तिगत रुपमा जानकारी गराईएको छ । यदि केहि कारणवस जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानी शेयरधनीको हैसियतले उक्त साधारणसभामा उपस्थितिको लागि अनुरोध छ ।

**सभा बस्ने मिति, समय र स्थान :**
मिति : २०८१ साल बैशाख १५ गते, शनिबार (तदनुसार २०२४/०४/२७)
स्थान : अनुपम फुडलैण्ड एण्ड बैंकेट, बत्तीसपुतली, काठमाडौं ।
समय : दिउसोको ४:०० बजे ।

छलफलका विषयहरु :
क) **विशेष प्रस्तावहरु :**
१ सर्वसाधारणलाई कम्पनीको साधारण शेयर प्रिमियममा जारी गर्ने सम्बन्धमा तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
२ प्रिमियममा साधारण शेयर जारी पश्चात् प्राप्त पूँजीको उपयोग सम्बन्धमा ।
३ कम्पनीको पूँजी वृद्धि गर्ने तथा प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।
४ प्रबन्धपत्र तथा नियमावलीमा संशोधन तथा प्रिमियम मार्फत कम्पनीको साधारण शेयर जारी गर्ने सम्बन्धमा नियमनकारी निकायबाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम थपघट, परिवर्तन वा संशोधन गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
ख) विविध ।

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**
तेस्रो पटक प्रकाशित मिति २०८०/१२/२४
यस कम्पनीको मिति २०८०/१२/१० मा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनी **होटल बुलबुले भ्यू टु प्रा.लि. (प्रा.लि. नं. २३५१६४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/१२/१३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **होटल मेघा हेरिटेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**कर्मचारी हटाइएको सम्बन्धी सूचना**
**Cosmo International Overseas Pvt. Ltd.** मा कार्यरत **मीना ढकाल** (अफिस असिस्ट्यान्ट) ले यस प्रा. लि. मा काम गर्दै आउनु भएको र निजको व्यक्तिगत काम विशेषको कारण यस संस्थाबाट हटाईएको जानकारी गराईन्छ । निज व्यक्तिसँग यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना-देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै-जाने व्यहोरा अनुरोध छ।

**नया नियुक्ति भएका कर्मचारीको नामः**
**१. खो माया आले मगर**

Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Govt. License 280/058/059
P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www.cosmointernational.com.pn



**कर्मचारी हटाइएको सम्बन्धी सूचना**
नेपाल सरकारबाट बैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर १००४/०६८/०६९ यस **Nepal Recruitment Consultancy Pvt.ltd.** मा कार्यरत तपसिल पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी तपशील मितीमा राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दाबी बिरोध सम्बन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग बैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| नाम थर | नागरिकता प्रमाण पत्र नं. | पद |
|---|---|---|
| कविना तामाङ | ३०-०१-७८-०४०९५ | डकुमेन्टेशन |
| मलिका बर्देवा | २५-०१-७७-०१५१७ | डकुमेन्टेशन |
| मन्जु तामाङ | २२-०१-७८-०३२६७ | रिसेप्सनिस्ट |

Nepal Recruitment Consultancy Pvt. Ltd.
Sambhu Marg-Airport, Kathmandu, Nepal, Tel.: +977-1-4585649/ 4585648/ 4585647



**मलेसियामा वैदेशिक रोजगारको अवसर**
**कम्पनी : ALOEMEGAH SDN. BHD.**
पूर्व स्वीकृति मिति २०७९/०८/२८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२३ | LT. No. 277447 | चलानी नं. ६०१९२९१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 1 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १ गते (13th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AMCON OVERSEAS PVT LTD
श्रम ईजाजत नं. ६८४/०६३/०६४
Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977
E-mail: amconoverseas123@gmail.com



**जापानमा वैदेशिक रोजगारको अवसर**
**कम्पनी : COOPERATIVE MIRAI**
पूर्व स्वीकृति मितिः २०८०/१२/२३ | LT. No. 303008 | चलानी नं. ६०२१७९७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 2 | 0 | 1,26,842 | १,११,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ वैशाख १ गते (13th April 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** ५०,०००/-

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३०,०००/- (तिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।


**नोट**ः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

बहुप्रतिक्षित गौरवका आयोजना

# सुनकोशी-तेस्रो र मदन भण्डारी विश्वविद्यालय



वि.सं. २०७५ चैतमा काठमाडौंमा सम्पन्न दोस्रो लगानी सम्मेलनमा सुनकोशी-तेस्रो जलाशययुक्त विद्युत् आयोजनालाई समावेश गरिएको थियो । आयोजनामा पहुँचमार्ग पुगिसकेको छ भने प्रसारणलाइनको पनि समस्या छैन । परियोजनाअन्तर्गत सुनकोशी नदीमा काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिका-९ को सिमाना र रामेछापको खाँडादेवी गाउँपालिका-१ लुभुघाटमा विद्युत् आयोजनाको बाँध निर्माण प्रस्ताव गरिएको छ ।

अन्तर्राष्ट्रिय विश्वविद्यालयका रूपमा स्थापित गर्न काभ्रेपलाञ्चोकमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय निर्माण गर्न लागिएको हो । सार्वजनिक जमिन विश्वविद्यालयको नाममा हस्तान्तरण भइसकेकाले अबको बजेटबाट निर्माण प्रक्रियाको थालनी गरिने छ । पाँचखालमा निर्माण हुन लागेको पूर्वाधार उक्त विश्वविद्यालयको केन्द्रीय कार्यालय हुने छ ।

● राजकुमार पराजुली/काभ्रे

काभ्रेपलाञ्चोकमा दुई ठूला परियोजना निर्माण सुरुआतको प्रतीक्षा गरिएको छ । राष्ट्रिय गौरवको आयोजनाका रूपमा लिइने ती आयोजना सुनकोशी नदीमा निर्माणको प्रक्रिया थालिएको 'सुनकोशी-तेस्रो' जलाशययुक्त आयोजना र पाँचखालमा निर्माण हुने मदन भण्डारी विश्वविद्यालय । डेढ दशकअघि काभ्रेपलाञ्चोकका जनप्रतिनिधि, नेता एवं सामाजिक अगुवाले कल्पना गरेको आयोजना निर्माण हुने 'सुनकोशी-तेस्रो' जलाशययुक्त आयोजना हो । त्यतिबेलादेखि संसद्, सरोकारवाला मन्त्रालय, सार्वजनिक कार्यक्रममा निरन्तर यस आयोजना सञ्चालन गर्न प्रक्रिया थाल्नुपर्ने आवाज बुलन्द हुँदै आएको थियो ।

केही वर्षको चर्चा-परिचर्चापछि उक्त आयोजनाको प्रक्रिया थाल्न सरोकारवाला निकायले ध्यान दिन थाल्यो र वि.सं. २०७४ देखि योजनासहित अध्ययन सुरु भयो । आयोजनाको चर्चा-परिचर्चासँगै अध्ययनका काम सुरु भएपछि यसलाई मध्यपूर्वी-मध्यपहाडी क्षेत्रको 'गौरवको आयोजना'का रूपमा लिइयो । कूल ६८३ मेगावाट क्षमताको यस सुनकोशी तेस्रो जलाशययुक्त जलविद्युत्को नेपाल विद्युत् प्राधिकरणले हाल सर्वेक्षण अनुमतिपत्र (सर्वे लाइसेन्स) पाएसँगै आयोजनाको विस्तृत इञ्जिनियरिङ डिजाइन तथा बोलपत्र कागजात तयारीको काम अगाडि बढेको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहालले यी दुई राष्ट्रिय गौरवको आयोजनाका विषयमा यही चैत पहिलो साता प्रतिनिधिसभामा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको दुईवटा भवन मकवानपुरको चित्लाङमा निर्माण भएको र पाँचखाल नगरमा संरचना निर्माणका लागि विश्वविद्यालय अनुदान आयोगको सिफारिससमेतका आधारमा मित्रराष्ट्र चीन सरकारको सहयोगमा संरचना निर्माणका लागि प्रक्रिया अघि बढाइसकिएको जानकारी गराएका थिए ।

यस्तै, प्रम दाहालले सुनकोशी तेस्रो जलविद्युत आयोजना संयुक्तरूपमा कार्यान्वयनका लागि नेपालका तर्फबाट नेपाल विद्युत् प्राधिकरण तथा बंगलालादेशका तर्फबाट बंगलादेश पावर डेभलपमेन्ट बोर्डलाई लाइन एजेन्सी तोकिएको र दुई देशबीचको सचिवस्तरीय बैठकको निर्णयानुसार संयुक्त लगानीको कम्पनी स्थापना गर्ने प्रक्रिया अघि बढेको स्पष्टसमेत पारेका थिए । सोहीअनुसार काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकको सीमास्थल भएर बग्ने सुनकोशी नदीमा सुनकोशी-तेस्रो जलाशययुक्त आयोजनाको प्राविधिक तयारीको काम सुरु भएको हो । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले यस आयोजनाको सर्वे लाइसेन्सको काम गत मंसिर २५ मा प्राधिकरणलाई दिएको थियो । विद्युत् विकास विभागमार्फत सम्भाव्यता अध्ययन भएको आयोजनाको लाइसेन्स लिन प्राधिकरणले करिब ७० करोड रूपैयाँ सरकारलाई बुझाएको जनाइएको छ ।

आयोजनाको आवश्यक तयारीको काम सम्पन्न गर्न ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले प्राधिकरणलाई निर्देशन दिएका थिए । त्यसबेला प्राधिकरणको सञ्चालक समितिका अध्यक्षसमेत रहेका मन्त्री बस्नेतले आवश्यक प्राविधिक काम सम्पन्न गर्न सरकारका तर्फबाट आवश्यक सहजीकरण गरिने बताएका थिए ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार आयोजनाको विस्तृत इञ्जिनियरिङ डिजाइन तथा बोलपत्र कागजात तयारीका लागि अन्तर्राष्ट्रिय परामर्शदाता छनोट तथा प्राधिकरणले परामर्शदाता छनोटको सम्पूर्ण प्रक्रिया पूरा गरी आगामी वर्षको माघदेखि विस्तृत इञ्जिनियरिङ डिजाइन तथा बोलपत्र कागजात तयारीको काम सुरु गर्ने लक्ष्य राखिएको छ । २४ महिनामा सो कार्य पूरा गर्ने लक्ष्य लिइएको छ । यस आयोजनालाई जतिसक्दो छिट्टो कार्यान्वयनमा लैजान फिल्ड अनुसन्धान, बोलपत्रको कागजातको तयारी बहुर ाष्ट्रिय बैंक तथा वित्तीय संस्थालाई ऋण लगानीका लागि आवश्यक पर्ने सर्त पूरा हुनेगरी विस्तृत इञ्जिनियरिङ डिजाइनको प्रक्रिया थालिएको छ ।

गत जेठ २ गते नेपाल-बंगलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समितिको पाँचौं बैठकले आयोजनाको निर्माण र विकास गर्नका लागि नेपाल विद्युत् प्राधिकरण र बंगलादेश पावर डेभलपमेन्ट बोर्डबीच छ महिनाभित्र संयुक्त उपक्रममा हस्ताक्षर गर्ने सहमति भएको थियो । वि.सं. २०७९ को भदौमा बंगलादेशको विद्युत्, ऊर्जा तथा खनिज स्रोत मन्त्रालयका सचिव नेतृत्वको टोली र नेपालको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत् विकास विभाग तथा विद्युत् प्राधिकरणको संयुक्त टोलीले आयोजनाको प्रस्तावित निर्माणस्थल र जलाशय क्षेत्रको स्थलगत अवलोकन भ्रमण गरेको थियो ।

आयोजनाको अनुमानित लागत एक अर्ब ४५ करोड ८० लाख अमेरिकी डलर रहेको छ । यसमध्ये सिभिल निर्माणतर्फ ५८ करोड रूपैयाँ, हाइड्रोमेकानिकल, इलेक्ट्रोमेकानिकल तथा प्रसारणलाइनतर्फ १७ करोड ४९ लाख रूपैयाँ, जग्गा अधिग्रहण, पुनःस्थापना जस्ता सामाजिक तथा वातावरणीय कार्यका लागि ३७ करोड रूपैयाँ लाग्ने अनुमान गरिएको छ ।

आयोजनाबाट वार्षिक दुई अर्ब ३५ करोड ६२ लाख युनिट बिजुली उत्पादन हुनेमध्ये हिउँदयाममा ६२ करोड २३ लाख युनिट उत्पादन हुने प्रक्षेपण गरिएको छ । अध्ययनबाट आयोजना क्षेत्रअन्तर्गत काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली र रामेछाप जिल्लाका करिब १६ सय परिवार विस्थापित हुने अध्ययनले देखाएको छ । आयोजनाको २०७४ देखि अध्ययन सुरु गरिएको थियो । काभ्रेको तेमाल गाउँपालिकाका आठवटा वडा बाँध, विद्युत्गृह र डुबानक्षेत्र पर्ने छ भने रामेछापको खाँडादेवी गाउँपालिका बाँध र डुबान क्षेत्र तथा अन्य जिल्लाको प्रभावित क्षेत्र डुबान क्षेत्रमा पर्ने अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

आयोजनाबाट सिन्धुपाल्चोकको तीन गाउँपालिका र दुई नगरपालिका, काभ्रेपलाञ्चोकको तीन गाउँपालिका र दुई नगर, रामेछापको दुई गाउँपालिका र सिन्धुलीको एक गाउँपालिकाका बासिन्दा प्रभावित हुने जनाइएको हो । सुनकोशी-तेस्रो जलविद्युत् आयोजनाको 'डिजाइन ड्रइङ,' भौगर्भिक सर्भे, टोपोग्राफी सर्भे, योजनाको लागत अनुमानसहित इआइए तथा जैविक, आर्थिक सामाजिक, अध्ययन गरी मस्यौदा प्रतिवेदन निर्माण गरिएको थियो ।

साथै, आयोजनाको प्राविधिकतर्फको सर्वे, भौगर्भिक अध्ययन तथा आयोजना सेरोफेरोका चट्टानलगायत अन्य अवस्थाका बारेमा इञ्जिनियरिङ डिजाइनको कामसमेत सकिएको जनाइएको छ । यस्तै, भौतिक, जैविक तथा सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रसँग सम्बन्धित सवालका विषयमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा 'राय-सुझाव' लिइसकेर इआइए तयार गरिएको जनाइएको छ ।

विभागका अनुसार २०७८ माघमा वन मन्त्रालयमा पठाइएको इआइए प्रतिवेदन २०७९ कात्तिक अन्तिम साता तत्कालीन वनमन्त्रीसमेतको जिम्मेवारी सम्हालेका प्रधानमन्त्री शेरबहादुर देउवासमेतको निर्णयबाट स्वीकृति भएको हो । २०७९ वैशाख पहिलो साता मन्त्रालयको विज्ञ टोलीसँगसमेत आयोजनाबारे सुझाव/परामर्श लिइएको थियो । आयोजनाको अध्ययनसँगै प्रभावित क्षेत्रसँग सार्वजनिक सुनुवाइमार्फत लिनुपर्ने राय तथा सुझाव लिइसकिएको छ ।

विभागलाई आयोजनाप्रति रामेछापको खाँडादेवी र सुनापति गाउँपालिका तथा सिन्धुलीको सुनकोशी गाउँपालिकालेसमेत राय-सुझाव दिइसकेका छन् । परियोजनाको मापदण्ड तथा कार्यविवरण प्रतिवेदन (टिओआर) प्राविधिक काम सकिएलगत्तै नेपालमा कोरोना भाइरसको उच्च जोखिम बढेसँगै यसको थप प्रक्रिया रोकिएको थियो । सम्पूर्ण प्रतिवेदन तयार भई आयोजना सञ्चालन गर्न 'सम्भावना' हुने-नहुने निक्यौंल नभएका कारण सरकारले अध्ययनबाहेकमा थप बजेट विनियोजन नगरेको बताइन्छ ।

एक नेपाली र एक चिनियाँ परामर्शदाताले सुनकोशी-तेस्रोको टिओआर भने २०७६ माघमै विद्युत् विकास विभागलाई बुझाइसकेका थिए । टिओआरमा प्राविधिकतर्फ 'इन्टेरियर डिजाइन'देखि सर्वेसम्मको काम सकिएको उल्लेख गरिएको थियो । प्रतिवेदनमा आयोजनाबाट प्रत्यक्ष एवं अप्रत्यक्ष प्रभावित घरपरिवार तथा क्षेत्र र प्रभावितलाई कुन आधारमा के कस्तो व्यवस्था गर्न सकिन्छ तथा क्षतिपूर्तिलगायतको विषयसमेत उल्लेख गरिएको जनाइयो । त्यसताका पनि आयोजनाबाट प्रभावित पर्नसक्ने जिल्ला, स्थानीय तहको वडास्तरमा विद्यालय, अस्पताल, स्वास्थ्यचौकी, सरोकारवाला व्यक्ति तथा संघसंस्थाबाट सुझावसमेत मागिएको थियो ।

काभ्रेपलाञ्चोकका सांसद गोकुलप्रसाद बाँस्कोटा विस्थापित परिवारलाई एकीकृत बस्ती निर्माण गरी व्यवस्थापन गर्नेबारे सरोकारवालासँग तत्काल छलफल हुनुपर्ने बताउँछन् । 'सरकारले आयोजनाको निर्माण कार्य कहिले सुरु गर्ने हो, सरकारले यसप्रति विशेष ध्यान दिई परिवार विस्थापनबारे सरोकारवालासँग छलफलमा गर्न ढिला गर्नुहुन्न, यो महत्त्वाकांक्षी योजना भएकाले जसरी पनि सफल बनाउनुपर्छ,' उनले भने । आयोजनाबाट प्रभावित हुने परिवारलाई स्थानान्तरण गर्ने विषयमा सरोकारवालासँग छलफल गर्ने योजना बनाइएको विभागले जनाउँदै आएको छ ।

वि.सं. २०७५ चैतमा काठमाडौंमा सम्पन्न दोस्रो लगानी सम्मेलनमा सुनकोशी-तेस्रो जलाशययुक्त विद्युत् आयोजनालाई समावेश गरिएको थियो । आयोजनामा पहुँचमार्ग पुगिसकेको छ भने प्रसारणलाइनको पनि समस्या छैन । परियोजनाअन्तर्गत सुनकोशी नदीमा काभ्रेपलाञ्चोकको तेमाल गाउँपालिका-९ को सिमाना र रामेछापको खाँडादेवी गाउँपालिका-१ लुभुघाटमा विद्युत् आयोजनाको बाँध निर्माण प्रस्ताव गरिएको छ । विभागले सुनकोशी तेस्रो र सुनकोशी दोस्रो आयोजनाको अध्ययनका लागि ३३ करोड रूपैयाँ बजेट विनियोजन गरेको थियो । हालसम्मको विविध अध्ययनबाट सुनकोशी दोस्रोभन्दा तेस्रोको सम्भावना देखिएको जनाउँदै आएको थियो ।

आयोजनाअन्तर्गत लुभुघाटस्थित नदीमा करिब ४८४ मिटर लामो र १६६ मिटर उचाइको बाँध निर्माण गरी ५७० घनमिटर प्रतिसेकेन्ड पानीलाई १.१ किलोमिटर लामो र नौ मिटर ब्यास भएको सुरुङबाट लुभुघाटनजिक निर्माण गरिने विद्युत्गृहमा लगिने छ भने लगभग ५३६ मेगावट विद्युत् उत्पादनपछि सो पानीलाई टेलरेसद्वारा पुनः सुनकोशी नदीमा खसालिने छ ।

सन् १९८५ मै जापान इन्टरनेसनल कोअपरेसन (जाइका)ले त्यस क्षेत्रमा जलाशययुक्त विद्युत्को सम्भाव्यता अध्ययन गरेको थियो । उसले नेपालमा अध्ययन गरेका १० उत्कृष्ट जलाशययुक्त विद्युत्मध्ये सुनकोशी-तेस्रो एक हो । वि.सं. २०२२ मा पनौतीमा नेपालकै तेस्रो जलविद्युत् आयोजना (२.४ मेगावट क्षमता) निर्माणपश्चात् प्रस्तावित सुनकोशी-तेस्रो जलाशययुक्त विद्युत् आयोजना काभ्रेको दोस्रो आयोजना हुने छ । प्रस्तावित आयोजना निर्माणस्थल संघीय राजधानी काठमाडौंबाट करिब ६० किलोमिटरको दूरीमा अवस्थित छ । आयोजना निर्माणपछि माछापालन, बोटिङ, पर्यटकीय होटल तथा थप पर्यटकीयस्थल विकासकोसमेत सम्भावना देखिएको छ ।

यस्तै, काभ्रेपलाञ्चोकको अर्को गौरवको आयोजनाका रूपमा रहेको पाँचखालमा निर्माण हुने मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयलाई २०७८/७९ को बजेटमा एक अर्ब ५५ करोड रूपैयाँ बजेट विनियोजन गरिएको थियो । भौतिक निर्माणका लागि प्रक्रिया थाल्न विनियोजित सो रकम विविध कारण रोकिएको थियो । विश्वविद्यालय निर्माणका लागि आवश्यक जमिनमध्ये पाँचखालसहित नमोबुद्ध नगरको केही वडा समेटिएको छ । विश्वविद्यालयका लागि आवश्यक देखिएको करिब १० हजार ३०० रोपनी सार्वजनिक जग्गा अधिग्रहणको काम सकिएको जिल्ला मालपोत कार्यालय धुलिखेलले जनाएको छ ।

कार्यालयका अनुसार पाँचखाल नगरको वडा नं ७, १० र १२ तथा नमोबुद्धको २ र ३ नं वडाको १० हजार ३०० रोपनी सार्वजनिक जमिन हालै विश्वविद्यालयको पूर्वाधार विकास समितिका नाममा दाखिल खारेज (हस्तान्तरण)को नामसारी भइसकेको छ । सरकारले मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय पूर्वाधार निर्माण समिति गठन आदेशानुसार २०७६ असार ९ गते राजपत्रमा प्रकाशित गरेको थियो । सोहीअनुसार २०७६ मंसिर २३ गते विकास समितिका नाममा जग्गा पास गरिदिने निर्णय सरकारले गरेको थियो । विश्वविद्यालयका लागि उपयुक्त जग्गा खोज्ने क्रममा काभ्रेपलाञ्चोकको पाँचखाल र नमाबुद्ध नपाको सीमामा अवस्थित जग्गा उपयुक्त देखिएपछि सरकारले विश्वविद्यालयको केन्द्रीय कार्यालय काभ्रेपलाञ्चोकमा रहने गरी जिल्ला मालपोत कार्यालयलाई जग्गा व्यवस्थापन प्रक्रिया अगाडि बढाउन आदेश दिएको थियो ।

उक्त विश्वविद्यालय निर्माणार्थ चिनियाँ सरकारले पनि सहयोग गर्न इच्छुक देखाएको थियो । चिनियाँ राष्ट्रपति सी चिनफिङको नेपाल भ्रमणका क्रममा नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट अध्ययनपछि मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय निर्माणार्थ सम्झौतासमेत भएको थियो । विश्वविद्यालय सञ्चालनपछि विज्ञान तथा प्रविधिका क्षेत्रमा नेपालबाट जनशक्ति पलायन हुने क्रम न्यूनीकरण हुँदै जाने अपेक्षा गरिएको छ ।

विश्वविद्यालयबाट विज्ञान तथा प्रविधिमा उच्चस्तरको अनुसन्धान गरी विश्वबजारमा प्रतिस्पर्धा गर्नसक्ने जनशक्ति उत्पादन गर्ने सरकारी योजना रहेको छ । अन्तर्राष्ट्रिय विश्वविद्यालयका रूपमा स्थापित गर्न काभ्रेपलाञ्चोकमा मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय निर्माण गर्न लागिएको पूर्वमन्त्रीसमेत रहेका बाँस्कोटाले बताए । उनका अनुसार सार्वजनिक जमिन विश्वविद्यालयको नाममा हस्तान्तरण भइसकेकाले अबको बजेटबाट निर्माण प्रक्रियाको थालनी गरिने छ । उनका अनुसार, पाँचखालमा निर्माण हुन लागेको पूर्वाधार उक्त विश्वविद्यालयको केन्द्रीय कार्यालय हुने छ ।

मन्त्रिपरिषद्को २०७५ माघ २१ गतेको बैठकद्वारा गठित विश्वविद्यालय पूर्वाधार तयारी समितिले विश्वविद्यालय निर्माणको सम्पूर्ण प्रशासनिक जिम्मेवारी लिएको छ । हाल यस विश्वविद्यालयका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)सँगै 'मास्टर-प्लान' तयार भइसकेको जनाइएको छ । *रासस*



**कर्णाली किनारमा राउटे बस्ती** | दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका वडा नम्बर ७, सांगेटडास्थित कर्णाली किनारमा बसोबास गर्दै आइरहेका अल्पसंख्यक राउटे समुदायको बस्ती। *तस्बिर: सुरेश आचार्य/रासस*

# काभ्रेभिरको सडकमा 'रक एंकरिङ'

■ सन्तोष गौतम

**म्याग्दी-** काभ्रेभिरमा पुग्दा बेनी-जोमसोम सडकमा यात्रा गर्ने धेरैजसो यात्रुको मुटु काप्ने गर्छ । म्याग्दी र मुस्ताङको सिमानामा रहेको करिब दुई किलोमिटर दूरीको काभ्रेभिर, बादरजुङभिर र घोप्टेभिर क्षेत्र बेनी-जोमसोम-कोरला सडकको सबैभन्दा जोखिमयुक्त मानिन्छ ।

चीन र भारत जोड्ने सबैभन्दा छोटो दूरीको, राष्ट्रिय गौरवको कालीगण्डकी करिडोरअन्तर्गत म्याग्दीको काभ्रेभिरदेखि मुस्ताङको घाँसासम्म अक्करे पहाड छिचोलेर मार्ग खोलिएको सडकमा ढुंगको पहिरो खस्ने र कालीगण्डकीको कटानको समस्या छ । सडकमुनिको पहाडको फेदीमा बग्ने कालीगण्डकीले बनाएको अन्धगल्छी संसारकै गहिरो खोच हो । वि.सं. २०६३ मा नेपाली सेनाले मार्ग खोलेको यो ठाउँमा धेरैपटक सवारीसाधन खस्ने, गुडिरहेको सवारीसाधनमा भिरबाट ढुंगा, पहिरो खसेर जनधनको क्षति हुने गरेको छ ।

साँघुरो अवस्थामा रहेको काभ्रेभिरको सडकलाई फराकिलो र स्तरोन्नति गरेर सुरक्षित बनाउन 'रक एंकरिङ/रक नेलिङ' प्रविधिको प्रयोग गरिएको बेनी-जोमसोम-कोरला सडक योजनाका सूचना अधिकारीसमेत रहेका साइट इञ्जिनियर विष्णु चापागाईले बताए । 'तल बग्ने कालीगण्डकीले बनाएको खोंच र विष्फोटक पदार्थको प्रयोग गरी भित्ता काटेर सडक फराकिलो बनाउँदा पहाड थर्किएर कमजोर हुने र थप पहिरो खस्ने जोखिम देखिएपछि रक एंकरिङ गर्न थालेका हौं,' उनले भने, 'सडकमुनिको पहाडमा ड्रिलिङ गरेर रड राखी, कंक्रिट गरेर पक्की पर्खाल निर्माण गरी डिलतर्फ सडक फराकिलो बनाउने काम सुरु गरिएको छ ।'

मजदुरहरूले डोरीमा झुण्डिएर ड्रिलिङ गरेर पहाडमा पर्खालको बेस (जग) बनाएका छन् । रक एंकरिङ गर्न १०० मिटर लम्बाइको दूरीमा ड्रिलिङ गरेर फलामको रड राख्ने प्वाल बनाइएको छ । थप ५० मिटरमा ड्रिलिङ गर्न बाँकी छ । रक एंकरिङ गर्नुपर्ने ठाउँको ३.५ मिटर फराकिलो सडकमा हाल एकतर्फी सवारीसाधन चल्ने गरेकामा दुईतर्फी बनाउन सातदेखि आठ मिटर फराकिलो बनाउन लागिएको हो ।

नाली, खोल्सा र सडकको पानी व्यवस्थापन गर्न ह्युमपाइपबाट बगाउने गरी नक्सांकन गरिएको छ । यो क्षेत्रमा विष्फोट पदार्थको प्रयोग गरी एक हजार ६०० मिटर सडकलाई आठ मिटर फराकिलो बनाएर ढलान गरिएको छ । धेरै 'रक फल' हुने भएकाले डिबिएसडी प्रविधिको कालोपत्र सडक नटिक्ने देखिएपछि ढलान गरिएको हो । ढलान गरिएको ठाउँमा पनि भिरबाट खसेका ठूला ढुंगाले क्षति पुऱ्याएको छ । डिलतर्फ सुरक्षाका लागि छेकबार लगाउने योजना छ ।

सम्झौताअनुसार ढलानको काम सकिएको निर्माण कम्पनी शर्मा-गजुर मुखीले जनाएको छ । डिजाइनका क्रममा पहिरो सडक विस्तारपछि उत्पन्न हुने पहिरो नियन्त्रणको काम समावेश नभएकाले अध्ययन र थप बजेटको माग गरिएको बेनी-जोमसोम-कोरला सडक योजनाका प्रमुख ध्रुव झाले बताए । 'सडक निर्माणपछि सिर्जना भएका नयाँ पहिरोको विस्तृत सर्वेक्षणको लागि रु ८० लाख बजेटका लागि संघीय सरकारसँग प्रस्ताव गरिएको छ,' उनले भने । आयोजनाले पहिरोग्रस्त काभ्रे-घाँसा खण्डमा सडकको विकल्पमा सुरुङमार्ग बनाउन सडक विभागलाई प्रस्ताव गरेको थियो ।

गण्डकी प्रदेश सरकारको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममै घोषणा गरेको काभ्रे-घाँसालगायत पाँच वटा सुरुङमार्गको सम्भाव्यता अध्ययनका लागि विनियोजन गरेको ४० लाख रूपैयाँ बजेट पनि हालसम्म कार्यान्वयन भएको छैन । यसअघि २०७७ को वर्षायाममा खहरेखोला र रूपसेखोलामा आएको बाढीले निर्माणाधीन पुलको संरचनामा क्षति पुऱ्याएको थियो । पुलको ठेक्का तोडिएको छ । रूपसेमा बेलिब्रज निर्माण गरेर यातायात सञ्चालन भएको छ ।

सो ठाउँमा थप कटान हुन नदिन र सडक सुरक्षाका लागि पर्खाल बनाउन २०० मिटर क्षेत्रमा कालीगण्डकीलाई डाइभर्सन गरिएको आयोजनाले जनाएको छ । काभ्रे-घाँसा खण्डको बाजुजुंग/घाँसा बगर क्षेत्रमा कालीगण्डकी नदीले सडकमुनिको करिब १०० मिटर टेवा पर्खाल भत्काएपछि आठ मिटर फराकिलो सडकलाई तीन मिटर साँघुरो बनाएको छ ।

वि.सं. २०७४ मा शर्मा-गजुरमुखी जेभीले म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको तातोपानीदेखि मुस्ताङको थासाङ गाउँपालिकाको कैकुखोला खण्डको १७ किलोमिटर सडक कालोपत्रसहित स्तरोन्नति गर्न ठेक्का सम्झौता गरेको थियो । २०७६ चैतमा कोरोना महामारी फैलिएपछि सुस्ताएको यस खण्डमा २०७७ असार र साउन महिनाको पहिरोको तथा कालीगण्डकी नदीको कटानका कारण क्षति पुगेपछि निर्माण कार्य प्रभावित बनेको थियो ।

अधुरो सडक निर्माणको कामलाई पूर्णता दिन लागिएको बेनी-जोमसोम-कोरला सडक योजनाका सब-इञ्जिनियर गणेशमान श्रेष्ठले बताए । 'पहिरो र कटानबाट क्षतिग्रस्त बाहेकका ठाउँमा चालु आवभित्रै सडक निर्माणलाई पूर्णता दिने लक्ष्यसहित निर्माण व्यवसायीलाई उपकरण, मजदूर परिचालन गर्न लगाएका छौं,' उनले भने 'कैह्कु खोलादेखि घाँसासम्म करिब दुई किलोमिटरमा डिबिएसडी प्रविधिको कालोपत्र भइसकेको छ ।'

सडकमा खसेको पहिरो पन्छाउने, नाली, पर्खाललगायत संरचना निर्माणलाई तीव्रताका साथै कालोपत्रका लागि आवश्यक पर्ने गिट्टी, बेस, सबबेस, बिटुमिन, चिप्सलगायत सामग्री व्यवस्थापनमा जुटेको शर्मा-गजुरमुखीका आयोजना व्यवस्थापक नरेन्द्र न्यौपानेले बताए । २०७६ मा निर्माण सकिनुपर्ने यो सडकको अवधिसँगै लागत पनि बढेको छ । पछिल्लोपटक भएको मूल्य समायोजनामा यसको लागत ६३ करोड रूपैयाँ पुगेको हो ।

आयोजना कार्यालयले निर्माण कम्पनीलाई कार्यक्षेत्रमा परिचालित नभए ठेक्का तोडेर कालोसूचीमा राख्ने चेतावनी र जनप्रतिनिधिहरूले दबाब दिएका थिए । अन्नपूर्ण गाउँपालिका-३ का वडाध्यक्ष रमेश पूर्जाले लामो पहलपछि ठेकेदार काममा फर्किएकाले सडकको अवस्था सुधार हुने अपेक्षा गरेको बताए । पहिरो र कटानको उच्च जोखिमका कारण विभिन्न ठाउँमा २.५ किलोमिटर सडकलाई कालोपत्रबाट झिकिएको छ । नागढुंगा-काभ्रे खण्डमा नौ किलोमिटर दूरीमा डिबिएसडी प्रविधिको कालोपत्र गर्ने तयारी भएको हो ।

दुई छिमेकी मुलुकलाई जोड्ने ४३५ किलोमिटरको कालीगण्डकी करिडोर सडकलाई गण्डकी प्रदेशको भाग्यरेखा मानिएको छ । पर्वतको मालढुंगादेखि म्याग्दी हुँदै मुस्ताङस्थित चीनको सिमाना कोरला नाका जोड्ने २०२ किलोमिटर दूरीको दुईतर्फी सडकको कालोपत्र र ग्राभेल बनाउन आव २०७३/७४ देखि सुरु भएको योजनाको हालसम्म ७५ प्रतिशत भौतिक प्रगति भएको छ । छ खण्डमा ८५ किलोमिटर ग्राभेल र तीन खण्डको १९ किलोमिटर सडक कालोपत्र गर्ने काम सकिएको छ । योजनामार्फत १३ वटा पक्की पुल र तीनवटा बेलिब्रिज निर्माण सकिएका छन् । *रासस*

## वीरगञ्जमा रात्रि बजार सञ्चालन गर्ने तयारी

**वीरगञ्ज (प्रस)-** पर्साको वीरगञ्ज महानगरपालिकाले नयाँ वर्ष तथा इस्लाम धर्मावलम्बीको पर्व इदको अवसर पारेर यो वर्ष पनि यहाँ 'रात्रि बजार' सञ्चालनको तयारी गरेको छ ।

वीरगञ्ज महानगरपालिका कार्यालयले यही चैत २९ देखि २०८१ वैशाख १ गते मध्यरातसम्म 'रात्रि बजार' सञ्चालनको तयारी गरिरहेको छ । आदर्शनगर चोकदेखि पुरानो बसपार्कसम्म 'रात्रि बजार' सञ्चालन हुने छ । अहिले सजावटदेखि स्टल बुकिङलगायत काम धमाधम भइरहेको छ ।

ग्रिनसिटी सामुदायिक सेवा केन्द्र, नेपाल युवा उद्यमी मञ्ज वीरगञ्ज, वीरगञ्ज साइकक्लिङ क्लबलगायत संस्थासँगको सहकार्यमा रात्रि बजार सञ्चालन हुन लागेको हो ।

महानगरपालिकाका प्रमुख राजेशमान सिंहका अनुसार रात्रि बजार अवधिभर नेपाल-भारत मुख्य सीमा चौबिसै घण्टा खुला राख्ने व्यवस्था मिलाउने प्रयास भइरहेको छ । भारतका पर्यटकलाई लक्ष्य गरेर यहाँका उद्योगी, व्यवसायीसँगको सहकार्यमा उनहरूकै व्यवस्थापनमा हुन लागेको रात्रि बजारमा महानगरपालिकाले ७५ प्रतिशत लगानी गर्ने छ । 'यहाँका निजी क्षेत्रको २५ प्रतिशत र महानगरको ७५ प्रतिशत लगानीमा बजार सञ्चालन गर्न लागेका हौं,' उनले भने ।

रात्रि बजार नाफा कमाउन नभई यहाँको आर्थिक गतिविधि बढाउने उद्देश्यले सञ्चालन हुन लागेको बजार व्यवस्थापन समितिका संयोजक जयप्रकाश खेतानले बताए । आदर्शनगर चोकदेखि कैलाश चोक हुँदै पुरानो बसपार्क, चिल्ड्रेन पार्कसम्म लाग्ने रात्रि बजारमा १०० भन्दा बढी स्टल रहने उनले जानकारी दिए ।

शिक्षा, स्वास्थ्यसम्बन्धी जानकारीमूलक स्टलका साथै त्यहाँ विभिन्न खानाका परिकार, लत्ताकपडा, जुत्ताचप्पल तथा अन्य विविध सामग्री राखिने छन् । वीरगञ्ज महानगरपालिकाले अघिल्लो वर्ष पनि नयाँ वर्षका अवसरमा रात्रि बजार सञ्चालन गरेको थियो ।

## दश महिनामा ५३ वन्यजन्तु मरे

**नवलपुर (नवलपरासी)-** चितवन राष्ट्रिय निकुञ्जमा पछिल्लो १० महिनामा एकसिंगे गैंडासहित ५३ वन्यजन्तु मरेका छन् । निकुञ्जका सूचना अधिकारी एवं संरक्षण अधिकृत गणेशप्रसाद तिवारीले चालु आर्थिक वर्षको हालसम्म गैंडा, बाघ, हात्तीलगायतका दुर्लभसहित ५३ वन्यजन्तु मरेको जानकारी दिए ।

उनका अनुसार यस अवधिमा सबैभन्दा बढी २० चित्तल मरेका छन् । त्यसैगरी पछिल्लो १० महिनाको अवधिमा १९ एकसिंगे गैंडा मरेका जनाउँदै तिवारीले प्राकृतिक कारणले १५, चोरीसिकारीबाट दुई, सम्भावित चोरीसिकारीबाट एक तथा अन्य कारणले एउटा गैंडाको मरेको जानकारी दिए ।

त्यस्तै यस अवधिमा पाँच हात्ती, तीन पाटेबाघ, तीन जरायो, तीन रतुवा, दुई गोही, एउटा बँदेल र एउटा अन्य वन्यजन्तु मरेको तिवारीको भनाइ छ । निकुञ्जले यस वर्ष विभिन्न स्थानबाट १६३ वन्यजन्तुको उद्धार गरेको सूचना अधिकारी तिवारीले बताए । निकुञ्जले उद्धार गरेका वन्यजन्तुमध्ये सबैभन्दा बढी ६४ अजिंगर, ५१ सर्प, छ पाटेबाघ, तीन एकसिंगे गैंडासहितका जनावर रहेको तिवारीले जानकारी दिए । *रासस*

कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: MARMARAH HEALTH INSTITUTE FOR LADIES

पूर्व स्वीकृति मिति २०८०/१२/२१ LT. No. 303042 चलानी नं. ६०२१७८८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Massager | 0 | 2 | 150 | ६५,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १ गते (13th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Al Noor Overseas Pvt. Ltd
Samakhushi-29, Kathmandu, Nepal Phone : +977-1-4383094, 4360824
E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com
श्रम ईजाजत नं. १०८८/०७३/०७४

युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTEGRATED FACILITIES MANAGEMENT - SOLE PROPRIETORSHIP L.L.C.- DUBAI BRANCH

पूर्व स्वीकृति मिति २०७९/१०/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२३ LT. No. :279819 चलानी नं.६०१९५३२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 46 | 32 | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaning Supervisor | 0 | 34 | 2500 | ८८,३७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १ गते (13th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Green Star Overseas Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Tel: +977-1-4363546, Fax: +977-1-4363540
Mobile: 9851054136, 9841012386, 9841345696
Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com
श्रम ईजाजत नं. २५७/०५८/०५९

कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SWITCH GEAR ELECTRO TRADING AND CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०८०/११/०६ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२३ LT. No. 300158 चलानी नं. ६०२१५१६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 8 | 0 | 1200 | ४३,७६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९१,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: राम जानकी ट्रेनिङ सेन्टर, जनकपुरमा मिति: २०८० चैत २८ गते (10th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VARSHA MANPOWER PVT. LTD.
(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944
श्रम ईजाजत नं. ९५४/०६७/६८

मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASASRAMA SDN.BHD.

पूर्व स्वीकृति मिति: २०७९/०५/३० पुन विज्ञापन स्वीकृति मिति:२०८०/१२/२३ चलानी नं. ६०१८७७८६ LT. No.271992

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 120 | 0 | 1500 | ४१,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १ गते (13th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.
श्रम ईजाजत नं. १२२१/०७४/०७५
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4589384,
Mob.9851086131, 9851067178, 9813129122, E-mail : saugatemployment1221@gmail.com

कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BLUSH AND GLOW LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८०/११/03 पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२३ LT. No. 300037 चलानी नं.६०२१४९७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser/nail Technician/manicure And Pedicure | 0 | 15 | 140 | ६०,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १ गते (13th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABOU SHAY RESTAURANT

पूर्व स्वीकृति मिति २०८०/१०/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२३ LT. No. 298150 चलानी नं. ६०२१३२३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 4 | 0 | 1000 | ३६,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 3 | 0 | 1500 | ५४,८१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १ गते (13th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD
Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257
E-mail: jalajalarecru2017@gmail.com
श्रम ईजाजत नं. १२२४/०७४/०७५

साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED ZAID AL-MASHARI & PARTNERS TRANSPORT CO..

पूर्व स्वीकृति मिति: २०८०/१२/२२ LT. No. 303078 चलानी नं. ६०२१७९२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Mechanic | 1 | 0 | 3000 | १०६,९६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Workshop Worker | 1 | 0 | 1200 | ४२,७८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १ गते (13th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JERRY MANAGEMENT SYSTEM Pvt. Ltd.
Govt. License 1031/068/69
P.O.Box: 12235, Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com

प्रभाव दैनिक

रूपशाला

## रवि ओडविरूद्ध पक्राउ पूर्जी



लोकप्रिय गायन एवं नेपाल आइडल-२ का विजेता रवि ओडविरूद्ध पक्राउ पुर्जी जारी भएको छ । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा उनकी पत्नीले दिएको वैवाहिक बलात्कार मुद्दामा उनीविरूद्ध पक्राउ पुर्जी जारी भएको हो । ओडविरूद्ध अदालतबाट पक्राउ अनुमति आएको कञ्चनपुरका एसपी चक्रराज जोशीले बताए । पत्नीले अप्राकृतिक तरिकाले आफूलाई बलात्कार गरेको आरोप लगाएकी छन् । पुर्जी जारी भएसँगै ओड फरार भएका छन् । ओड नेपाल आइडलका विजेता हुन् । घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको छ ।

शनिबार २४, चैत २०८० (Saturday, April 6, 2024)

# पौडेलको 'मन मूर्च्छना' लोकार्पण




■ प्रभाव संवाददाता

**काठमाडौं–** मुक्तककार मुकुन्द पौडेलको चौथो कृति 'मन मूर्च्छना' मुक्तक संग्रह सार्वजनिकीकरण भएको छ । आवरण प्रकाशनद्वारा आयोजित कार्यक्रममा दिव्यशताब्दी पुरुष एवं राष्ट्रिय मानअधिकार आयोगका पूर्वसदस्य डा गौरीशङ्करलाल दासलगायतले 'मन मूर्च्छना' को लोकार्पण गरे । उक्त अवसरमा अधिकारकर्मी दासले कृतिमा समावेश मुक्तक समसामयिक, रोचक र घोचक रहेको बताए । वरिष्ठ कवि एसपी कोइरालाले मुक्तक सिर्जना आफैं कठिन र चुनौतीपूर्ण विषय रहेको बताउँदै दिव्य शताब्दी पुरुष प्रमुख अतिथि रहेको कार्यक्रममा सहभागी हुनु नै पनि विशिष्ट अवसर हो भने ।

सभाध्यक्ष प्राध्यापक एवं वरिष्ठ पत्रकार पुरुषोत्तम दाहालले 'मन मूर्च्छना' का स्रष्टाका शब्दमात्र नभई व्यक्तित्वसमेत सालिन र सरल रहेको बताए । उनले एक प्रसङ्गमा भने, 'लेख र साहित्यलाई अहिले मुलुकमा रगतको सौन्दर्यसँग जोड्ने भन्ने विचित्रखाले सोच अघि बढेको छ, जुन विडम्बनापूर्ण छ ।'

कृतिमा केही भाषिक त्रुटि रहेकाले आगामी दिनमा सच्याउँदै लैजान सुझाव दिँदै वरिष्ठ पत्रकार दाहालले कतिपय कवितामा लेख्नेलाई जति पढ्नेलाई थाहा हुन्न, तर पढ्नेलाई थाहा हुन्न भन्ने लेखकले सोच्न नहुने विचार प्रकट गरे ।

नेपाल मुक्तक प्रतिष्ठानका अध्यक्ष रामकाजी कोनेले थोरै शब्द र भावमा धेरै भन्न सकिने हुनाले मुक्तकले साहित्य विधामा बेग्लै विशिष्ट पहिचान बोकेको बताए । कृतिका स्रष्टा पौडेलले आफ्नो ७० औँ जन्मोत्सवको अवसर पारेर प्रकाशन गरेको कृतिमा समावेश मुक्तक सिर्जनाका परिवेशबारे बताए । उनका यसअघि मझधार कविता सङ्ग्रह तथा मन सिन्धु र मनशिला मुक्तक सङ्ग्रह प्रकाशित भइसकेका छन् ।

कृतिको समालोचना गर्दै समालोचक घनेन्द्र ओझाले गाउँको परिवेश, राज्यका समसामयिक विषयमा देखेको, भोगेको, सुनेको र अनुभूति गरेका विषयलाई स्रष्टाले सरल भाषामा परिस्कृत र गुणस्तरीय ढङ्गले मुक्तक प्रस्तुत गरेको बताए । अर्का समालोचक केदारनाथ खनालले सरल भाषा र मुक्तकीय संरचनाका सबै विषयवस्तुको पालनासहितका मुक्तक मीठो भाषा र झिल्का दिने रहेको प्रतिक्रिया दिए । समालोचक गोविन्दराज विनोदीले तरल, सरल, मुक्तकीय अभिव्यक्तिद्वारा स्रष्टाले समाजमा एकता, न्याय, समता, समृद्धि र शान्तिको स्थापना होस् भन्ने चाहेको बताए ।

उनले भाषा, साहित्य तथा संस्कृति प्रेम, पुर्खाहरूको गैरवगाथाको सम्झना, नेपालीको कर्तव्य, देशबन्धुत्वको स्मरण मुक्तकमा पाइने बताए । अर्का समालोचक रामबाबु घिमिरेले मुक्तककार पौडेल विचारलाई पनि भावनामा रूपान्तरित गर्न सक्षम भएको उल्लेख गरे । अवारण प्रकाशक रही मूल्य रु तीन सय कायम गरिएको उक्त कृतिमा बेथिति, भ्रष्टाचार, रमाइला प्रेम प्रसङ्ग र सांस्कृतिक विचलनसहित दुई सय ४८ मुक्तक समावेश छन् ।

# 'महाजात्रा'ले उठायो १० करोड १४ लाख


■ प्रभाव संवाददाता

**काठमाडौं–** 'जात्रा' र 'जात्रै जात्रा' पछि षट्कोण आर्ट्सले निर्माण गरेको तेस्रो भाग 'महाजात्रा' प्रदर्शनको तेस्रो सातामा प्रवेश गरेको छ । देशभरका एकसय भन्दा बढी हलमा प्रदर्शनरत फिल्मले दुई सातामा दश करोड चौध लाख ग्रस कलेक्सन गरेको छ । पहिलोसाता ६ करोड २४ लाख ग्रस कलेक्सन गरेको फिल्मले पछिल्लो साता तीन करोड नब्बे लाख ग्रस कलेक्सन गरेको हो ।

दर्शकबाट प्राप्त प्रतिक्रिया र ब्राण्डले निर्माण गरेको हाइपको आधारमा फिल्मलाई देशभरका सिनेमा हलले उच्च शो दिएका छन् । फिल्मलाई प्राप्तले शोले 'महाजात्रा' ले तेस्रो सातामा पनि आक्रामक व्यापार गर्ने निश्चित भएको छ । निर्माता म्याक्स दीपेश खत्रीले फिल्मले सम्पूर्ण परिवारलाई दर्शक बनाएर हलसम्म ल्याउन सफल भएको बताए ।

'फिल्म हेर्न तीन पुस्ता नै हल आउनुभएको पाएँ । उहाँहरू आउँदा जति खुसी हुनुहुन्थ्यो, फर्किदा झनै खुसी देखिनुहुन्थ्यो । दर्शकलाई सन्तुष्ट पार्नु नै हाम्रो सफलता हो', निर्माता खत्रीले भने,'हामीले नेपालसँगै विदेशमा पनि उस्तै व्यवसाय भएको विवरण प्राप्त गरेका छौँ । प्रवासमा आयोजित शोहरू सोल्ड आउट भएको देख्दा हर्षित भएका छौँ ।'

भारत बाहेकको फिल्म वितरणको अधिकार प्राप्त एमएसएम इन्टरटेनमेन्ट्सका अनुसार नेपालपछिको दोस्रो ठूलो मार्केट मानिने अष्ट्रेलियामा दुईसातामा ५७ शो भएको




छ । यस्तै, अमेरिकामा ५० शो, न्युजिल्यान्डमा १२ शो, युरोप अन्तर्गतका देशमा ३५ शो, क्यानडामा १० शो, जापानमा १० शो र दक्षिण कोरियामा १० शो भईसकेको छ । यी सबै शो सोल्ड आउट भएका थिए । मध्यपूर्व अन्तर्गतका देशहरू कतार, युनाइटेड अरब इमिरेट्स, बहराइन, ओमान र मलेसियामा नियमित बक्सअफिसमा प्रदर्शन भइरहेको छ । मलेसियामा ६० शो भईसकेको छ भने युनाइटेड अरब इमिरेस्टमा दैनिक २० शो भइरहेको छ । अर्थात् नेपाल झैं मध्यपूर्वका ठूला सिनेमा चेनहरू भक्स, स्टार, सिने रोयल, सिनेपोलिस, सिनेको र नोभामा फिल्म विदेशी झैं नियमित प्रदर्शन भइरहेको छ ।

चैत ९ गतेदेखि प्रदर्शनरत फिल्ममा फडिन्द्र (विपिन कार्की), जोयश (रवीन्द्रसिंह बानियाँ) र मुन्ना (रवीन्द्र झा) बीचको मित्रतालाई देखाईएको छ । फिल्मले पहिलो सातामा पाएको दर्शकले दोस्रो साताका लागि प्रचार गरिदिनुभएको निर्देशक तथा लेखक प्रदीप भट्टराईले बताए । तीन पात्रले जीविकोपार्जनका लागि गर्ने सङ्घर्ष, विभिन्न अवरोधमा टिकेको मित्रता र उनीहरूको गरिवीले डगमगाउन नसकेको नैतिकतालाई प्रस्तुत गरिएको फिल्मलाई नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछाने, पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई, पूर्वरानी कोमल राज्यलक्ष्मी शाह लगायतका विशिष्ट व्यक्तिले हेरिसकेका छन् ।

फिल्ममा हरिवंश आचार्य, वर्षा राउत, दिव्य देव, अर्जुनजंग शाही, प्रकाश घिमिरे, राजाराम पौडेल, प्रवीण खतिवडा, सुमन कार्की, शिशिर बाङ्देल, गौमाया गुरुङ, अरविन खड्का लगायतको अभिनय रहेको छ । फिल्मलाई म्याक्स दीपेश खत्री र यज्ञश्वर पौडेलले संयुक्त रूपमा निर्माण गरेका हुन् ।

# बद्री र चन्दाको 'पिरिम लगाम कान्छी'

■ प्रभाव संवाददाता

**काठमाडौं–** लोकप्रिय गायक बद्री पंगेनी र गायिका चन्दा अर्यालको नयाँ नेपाली लोकगीत 'पिरिम लगाम कान्छी' सार्वजनिक भएको छ ।

गीतमा शब्द र संगीत श्रीकृष्ण बम मल्लको रहेको छ । सुदीप सागरको एरेन्ज रहेको गीतमा कोरस गायक प्रदीप त्रिपाठी, श्रीकृष्ण बम मल्ल, बन्दना पाण्डे र अनु रोक्का मगरको छ ।

मनमोहक शैलीमा तयार




गीतमा एक युवाले युवतीलाई प्रेम लगाउन अनुरोध गरेका शब्दहरू छन् । बद्री पंगेनीको आधिकारिक युट्युब च्यानलमार्फत् गीत सार्वजनिक भएको छ । अर्याल र पंगेनीको यसअघि 'खान्न म त पिँडालु कोक्यायो' बोलको गीत आएको थियो । जसलाई दर्शकले रुचाएका थिए ।

गीतको भिडियोमा पल शाह, उषा उप्रेती र सामिया कार्कीको अभिनय देख्न सकिन्छ । काजिश श्रेष्ठको निर्देशन कोरियोग्राफी रहेको भिडियोमा मनोज कार्कीको सम्पादन छ ।



# आयरल्याण्ड 'ए'लाई एकदिवसीय शृंखला

■ प्रभाव संवाददाता




**काठमाडौं–** आयरल्याण्ड 'ए'ले एक खेल अगावै एकदिवसीय क्रिकेट शृंखलामाथि कब्जा जमाएको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको दोस्रो एकदिवसीय खेलमा आयरल्याण्ड 'ए'ले नेपाल 'ए'लाई एक सय १४ रनको फराकिलो अन्तरले पराजित गर्दै शृफ्लामा कब्जा जमाएको हो । आयरल्याण्ड 'ए' पहिलो खेलमा २१ रनले विजयी भएको थियो ।

आयरल्याण्ड 'ए'ले जितका लागि प्रस्तुत गरेको एक सय ७५ रनको लक्ष्य पछ्याएको नेपाल 'ए' १६ दशमलव पाँच ओभरमा ६० रनमा समेटियो । नेपाल 'ए' टोलीका कुनै पनि ब्याटरहरूले उल्लेख्य रन बनाउन सकेनन् । नेपाल 'ए'का लागि भीम सार्कीले १७ र कप्तान विनोद भण्डारीले १६ रन बनाउनुबाहेक अन्य कुनै पनि ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । पाँच ब्याटरहरू देव खनाल, आरिफ शेख, रिजन ढकाल, कमल ऐरी र मौसम ढकाल शून्य रनमा आउट भए । नरेन भट्टले छ, अर्जुन साउदले पाँच, बसिर अहमदले छ र सहाब आलमले एक रन बनाए ।

आयरल्याण्ड 'ए'का लागि म्याथ्यु हम्फ्रिज एक्लैले छ विकेट लिए । साथै फिओन ह्याड र थोमस माएजले दुई/दुई विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको आयरल्याण्ड 'ए'ले ३८ दशमलव चार ओभरमा अलआउट हुँदै एक सय ७४ रन बनाएको थियो ।

उसका लागि गानिभ होयले अर्धशतकीय पारी खेले । उनले ५९ बल खेल्ने क्रममा दुई छक्का र पाँच चौको सहयोगमा ५० रन बनाए । कप्तान निल रकले ३८ बलमा तीन छक्का र तीन चौकाको सहयोगमा ४५ रन बनाए भने लियाम मकार्थीले ३५ रन बनाए । साथै पिटर मुरले १७ रन बनाउनुबाहेक अन्य ब्याटरले उल्लेख्य रन बनाउन सकेनन् ।

नेपाल 'ए'का लागि रिजन ढकाल र सहाब आलमले तीन/तीन विकेट लिए भने मौसम ढकालले दुई र कमल ऐरीले एक विकेट लिए । प्रतियोगिताको अन्तिम खेल आइतबार हुनेछ ।

# विश्व मुवाँथाइका पदक विजेता सम्मानित

■ प्रभाव संवाददाता




**काठमाडौं–** थाइल्यान्डको बैंककमा भएको १९ औं मुवाँथाई विश्व च्याम्पियनसिपमा पदक जित्न सफल नेपाली खेलाडी नगदसहित सम्मानित भएका छन् । नेपाल राष्ट्रिय मुवाँथाई संघले आफ्ना खेलाडीलाई नगदसहित सम्मान गरेको हो ।

नेपाली खेलाडीले मार्च १२ देखि २० तारिखसम्म भएको प्रतियोगितामा १ एतिहासिकसहित २ स्वर्ण, २ रजत र १ कांस्य जितेका थिए । गुणराज रुचालले सेमी प्रोको पुरुष ५४ केजीमा इटालीका ग्राभियल ओलारिउलाई पराजित गरी ऐतिहासिक स्वर्ण जितेका थिए । यसअघि विश्व च्याम्पियनसिपको सेमी प्रोमा कुनैपनि नेपाली मुवाँथाई खेलाडीले स्वर्ण जितेका थिएनन् । विश्व च्याम्पियनसिपको आठौँ सहभागितामा गुणराज स्वर्ण जित्न सफल भएका हुन् । गुणराजको उपलब्धि मुवाँथाईमा कुनैपनि नेपाली खेलाडीले हासिल गरेको अहिलेसम्मकै उच्च हो । यसअघि पलिस्था कक्षपतिले २०१९ तथा सञ्जय राईले २०१७ मा भएको विश्व च्याम्पियनसिको एमेच्यारेतर्फ स्वर्ण जितेका थिए ।

विश्व च्याम्पियनसिपको १९ औं संस्करणमै परिका बतासले पनि स्वर्ण जितेकी थिइन् । एमेच्योरतर्फ महिला ४५ केजीमा परिकाले तीनपटककी विश्व च्याम्पियन मरिसियसकी रानीनी कुन्डास्वामीलाई पराजित गरी स्वर्ण जितेकी थिइन् । एमेच्यारतर्फ पुरुष ५१ केजीमा सुशिल शाह ठकुरी र सञ्जय राईले रजत तथा ५७ केजीमा गुमान घर्ती मगरले कांस्य जिते ।

गुणराजले १ लाख, परिकाले ५० हजार तथा सुशिल, सञ्जय र गुमानले समान १०-१० हजार नगद पुरस्कारसहित प्रशंसा पत्र पाए । उनीहरूलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ, नेपाल राष्ट्रिय मुवाँथाई संघका अध्यक्ष गणेशलाल कक्षपतिलगायतले एक कार्यक्रमबिच सम्मान गरे । सोही अवसरमा प्रशिक्षकद्वय राहुल मोक्तान र विगेन दराइ पनि समान १०-१० हजार नगद र प्रशंसासहित सम्मानित भए ।

**एसएमएस फ्रेन्डसिप कप**

# नेपाल बरोडासँग पराजित

■ प्रभाव संवाददाता



**काठमाडौं–** भारतमा जारी 'एसएमएस फ्रेन्डसिप कप' त्रिकोणात्मक टी-२० क्रिकेट शृंखलाको लिग चरणको अन्तिम खेलमा नेपालले हार ब्यहोरेको छ । शुक्रबार खेलिएको लिग चरणको अन्तिम खेलमा बरोडा क्लबले नेपाललाई ३७ रनले हराएको हो ।

फाइनल होडबाट बाहिरिइसकेको बरोडाले टस जिती पहिले ब्याटिङको निर्णय लिएको निर्धारित २० ओभरमा आठ विकेट गुमाएर एक सय ५६ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको नेपालले १८.५ ओभरमा अलआउट हुनुअघि एक सय १९ रनमात्र बनाउन सक्यो ।

नेपालका लागि सन्दीप जोरावाहेक अन्य ब्याट्सम्यानले गतिलो प्रदर्शन गर्न सकेनन् । सन्दीप जोराले अर्धशतकीय पाली खेले । उनले ४३ बलमा ५६ रन बनाए । विवेक यादबले टोलीको खातामा १७ रन थपेका थिए । ओपनर कुशल भुर्तेल पनि १६ रन बनाउँदै आउट भएका थिए । प्रतिस जिसी ६ रनमा आउट भए भने दीपेन्द्रसिंह ऐरी पनि दुई रनभन्दा अगाडि बढ्न सकेनन् । यो खेलमा दीपेन्द्रले कप्तानको भूमिका निर्वाह गरेका थिए ।

ओपनर अनिल साह र गुलसन झा एक( एक रन बनाउँदै आउट भए । करण केसीले भने खाता पनि खोल्न सकेनन् । कुशल मल्ल पनि तीन रनभन्दा अगाडि बढ्न सकेनन् । अन्तिम विकेटका रूपमा आकाश चन्द दुई रन बनाउँदै आउट भए । ललित राजवंशी एक रनमा अविजित रहे ।

त्यसअघि बरोडका लागि शास्वत रावतले ३१ र ध्रुव पटेलले २९ रन बनाएका थिए । अमित पासीले २६ रन बटुलेका थिए । बरोडाको खातामा मोहित मोंगियाले पनि २२ रन थपेका थिए । बरोडाले अतिरिक्त रूपमा पनि १० रन पाएको थियो । नेपाली बलर गुलसन झा र करण केसीले दुई(दुई विकेट लिए । आकाश चन्द, ललित राजवंशी र प्रतिस जिसी पनि एक(एक विकेट हात पारेका थिए ।

नेपाली टोली यसअघि नै लिग चरणमा लगातार तीन खेल जित्दै फाइनलमा पुगिसकेको थियो । नेपाली टोलीले लिग चरणको आफ्नो पहिलो खेलमा गुजरातलाई आठ विकेटले हराएको थियो । दोस्रो खेलमा नेपालले बरोडालाई २७ रनले पराजित गरेको थियो । लिग चरणको आफ्नो तेस्रो खेलमा नेपालले गुजरातलाई आठ रनले हराएको थियो ।

नेपाली टोलीले अब आइतबार हुने शसंखलाको फाइनल खेलमा गुजरातको सामना गर्नेछ । यसअघि लगातार तीन खेलमा पराजित भएको बरोडा भने लिग चरणको अन्तिम खेलअगावै उपाधि होडबाट बाहिरिइसकेको थियो । नेपालले निकट भविष्यमा ओमानमा आयोजना हुने एसीसी प्रिमियर कप र त्यसपछि अमेरिका र वेस्ट इन्डियमा संयुक्त रूपमा आयोजना हुने आईसीसी टी-२० विश्वकपको तयारीका क्रममा भारतीय क्लबसँग त्रिकोणात्मक शृंखला खेलेको हो ।

एसीसी प्रिमियर कपको दोस्रो संस्करण अप्रिल १२ देखि २१ तारिखसम्म आयोजना हुँदैछ । एसीसी प्रिमियर कपमा सहभागी हुन नेपाली टोली भारतबाटै ओमान प्रस्थान गर्ने कार्यक्रम रहेको छ । नेपाल एसीसी प्रिमियर कपको साविक विजेता पनि हो ।

एसीसी प्रिमियर कपको पहिलो संस्करण एक वर्षअघि नेपालमै आयोजना भएको थियो । उक्त संस्करणको फाइनलमा नेपालले संयुक्त अरब इमिरेट्स (यूएई) लाई सात विकेटले हराएको थियो । आईसीसीको एसोसिएट्स सदस्य राष्ट्रका लागि प्रिमियर कप निकै महत्वपूणर् प्रतियोगिता हो ।

भारत भ्रमण र त्यसपछि एसीसी प्रिमियर कपका लागि घोषित नेपाली टोलीमा रोहितकुमार पौडेल (कप्तान), आसिफ शेख, कुशल भुर्तेल, कुशल मल्ल, बिवेक यादब, सन्दीप जोरा, अनिल साह, गुलसन झा, दीपेन्द्रसिंह ऐरी, ललित राजवंशी, करण केसी, सोमपाल कामी, प्रतिस जिसी, अविनाष बोहरा र आकश चन्द छन् । नेपाली टोलीको प्रशिक्षकमा भारतका मोन्टी देसाई रहेका छन् ।

# बाइडेन प्रशासनले दियो आप्रवासीलाई काम गर्ने अनुमति

**वासिङ्टन डिसी-** हालसालै अमेरिकी नागरिकता र अध्यागमन सेवा (युएससिआइएस)ले आधुनिकीकरण प्रयासहरूको आधारमा भिसाका लागि अस्थायी अन्तिम नियम (टिएफआर) घोषणा गरेको छ। यसले काम गर्ने अनुमतिका लागि मुख्य रूपमा आप्रवासीहरूको योग्यताका आधारमा वर्गीकरण गरी सुव्यवस्थित गर्ने आधार तय गरेको छ।

टिएफआरले निश्चित रोजगार प्राधिकरण कागजात (इएडिएस) का लागि स्वचालित १८० दिनको अवधिलाई ५४० दिनसम्मका लागि विस्तार गरेको छ। यो नियमले अघिल्लो १२ महिनाको कर्मचारीको कागजात प्रमाणीकरण (इएडिएस)का लागि छोटो पारिएको समयसमेतलाई सम्बोधन गर्छ। बिहीबार घोषणा गरिएको अस्थायी उपायले पहिले नै कार्यकारी तथा गैरनागरिकहरूको रोजगार प्राधिकरण र कागजात समाप्त हुनबाट रोक्ने छ। अमेरिकी नागरिकता र अध्यागमन सेवाले उनीहरूको विचाराधीन कागजात प्रमाणीकरण नवीकरण आवेदनहरूको निर्णय गर्न पर्खिरहेका छन्।

यसै सम्बन्धमा अमेरिकी रोजगारदाताहरूका लागि भने सञ्चालनको निरन्तरता सुनिश्चित छ। अर्थतन्त्रलाई समर्थन गर्दै कार्यबलमा कार्यरत व्यक्तिहरूलाई सुविधा प्रदान गर्ने बाइडेन प्रशासनको पछिल्लो कदम हो।

दक्षिण एसियाली आप्रवासीहरूलाई लाभान्वित गर्ने यो ऐतिहासिक घोषणाले ह्वाइटहाउस एसियाली अमेरिकी र हवाइ प्यासिफिक आइल्यान्ड (एएएनएचपिआइ) कमिसनमा राष्ट्रपति बाइडेनका सल्लाहकार अजय भुटोरियाले गरेको सिफारिसलाई अनुशरण गरेको देखिन्छ। भुटोरियाको प्रयासले आप्रवासन सुधार र ग्रिन कार्ड पर्खाइलाई घटाउने लक्ष्य राखेको छ। यसबाट १० लाखभन्दा बढी दक्षिण एसियालीहरू लाभान्वित भएका छन्।

ह्वाइट हाउस एएएनएचपिआइ आयोगलाई उनको अघिल्लो सिफारिसहरूले संयुक्त राज्य अमेरिकाभित्र अस्थायी भिसाका लागि आन्तरिक नवीकरण गर्न प्रमुख परियोजना सुरु गर्न नेतृत्व गरेको हो। युएससिआइएसको घोषणा आप्रवासी समुदायलाई प्रभाव पार्ने नीतिहरूलाई आकार दिन सामुदायिक वकालत र सहयोगी प्रयासहरूको प्रभावको प्रमाण हो।

गत वर्ष, युएससिआइएस कार्यबलले योग्य व्यक्तिहरूमा कामको पहुँच सुधार गर्ने समग्र लक्ष्यलाई समर्थन गर्दै धेरैजसो रोजगार प्राधिकरण कागजात भएको समूहका लागि भिसा समय घटाएको छ। यद्यपि, नवीकरण संयन्त्रलाई असर गर्ने रोजगार प्राधिकरण आवेदनहरूको रेकर्ड संख्या पनि प्राप्त गरेको युएससिआइएसका निर्देशक उर एम जादोउले प्रेस विज्ञप्तिमाफत जानकारी दिए।

विद्यमान अस्थायी स्वचालित विस्तारलाई ५४० दिनसम्म लम्ब्याउँदा रोजगार प्राधिकरणहरूमा त्रुटिहरूबाट बच्न सकिन्छ। यो घोषणाले सार्वजनिक टिप्पणीहरू मागेर दीर्घकालीन समाधानहरू विचार गर्न अतिरिक्त मार्ग प्रदान गर्दछ। यसैगरी रोजगार प्राधिकरणका लागि योग्य गैरनागरिकहरूले लाभ कायम राख्न सक्छन् भन्ने सुनिश्चिततासहित नयाँ रणनीतिहरू पहिचान गर्दछ। जसमा शरणर्थीहरू स्थायी निवासका लागि आवेदन दिने विदेशी नागरिकहरू परिवर्तनका दुई मुख्य लाभग्राही वर्गहरू हुने छन्।

युएससिआइएसका प्रवक्ताका अनुसार नयाँ नियम लागू नभएमा आठ लाख आप्रवासीहरू रोजगारी गुमाउने जोखिममा थिए। 'द हिल'का अनुसार बाइडेन प्रशासनले। सन् २०२३ अक्टोबर २७ सम्मका लागि २०२२ मा गरिएको प्रारम्भिक विस्तार समाप्त भएपछि यो दोस्रो पटकका लागि ५४० दिनको म्याद थप गरेको घोषणा गरेको हो। नयाँ विस्तार २०२२ द्वारा सम्बोधन गरिएका सबै प्रकारका आप्रवासी स्तरहरूमा लागू हुने छ। *रासस/एएनआई*

# 'चीनको औद्योगिक अनुदानले विश्व अर्थतन्त्रलाई जोखिम'

**गोन्झाओ, चीन-** बेइजिङले उद्योगका लागि दिएको अनुदानले विश्वव्यापी आर्थिक लचिलोपनका लागि खतरा निम्त्याउन सक्ने चेतावनी चीन भ्रमणका क्रममा रहेकी अमेरिकी ट्रेजरी प्रमुख जेनेट येलेनले शुक्रबार बताएकी छन्।

एक वर्षभन्दा कम समयको अन्तरालमा विश्वको दोस्रो ठूलो अर्थतन्त्रको भ्रमणका क्रममा चिनियाँ अधिकारीसँग भेट्ने क्रममा येलेन बिहीबार ग्वान्झाओ आइपुगेकी हुन्। 'चीनको अत्यधिक निर्यात क्षमता र उद्योगमा यसले दिएको ठूलो अनुदानले विश्वबजारमा आर्थिक समस्या ल्याउने वस्तुहरूको अधिकता सिर्जना गर्ने जोखिम निम्त्याउँछ र यसले अमेरिकी र अन्य देशका फर्महरूलाई कमजोर पार्छ,' उनले भनिन्, 'चीनको घरेलु मागभन्दा उल्लेखनीय रूपमा बढी छ। विश्वबजारले के सहन सक्छ भन्नेमा जिम्मेवार मुलुकले सोच्नुपर्छ। चीनको प्रत्यक्ष र अप्रत्यक्ष सरकारी सहयोगले हाल अत्यधिक उत्पादन क्षमतातर्फ डोऱ्याइरहेको छ।'

क्षमताभन्दा बढी क्षमताका कारण ठूलो परिमाणमा निर्यात हुन सक्ने र यसले आपूर्ति शृंखलाको अतिकेन्द्रीकरण गर्न सक्ने उनको भनाइ छ। 'यसले विश्वव्यापी आर्थिक लचिलोपनका लागि जोखिम निम्त्याउन सक्छ,' चीनको सुधार र विकासको प्रतीक मानिने ग्वान्झाओ र चीनको आर्थिक वृद्धिलाई गति दिएको ग्वान्झाओका गभर्नरसँगको भेटमा उनले अमेरिका 'स्वस्थ आर्थिक सम्बन्ध' का लागि प्रतिबद्ध रहेको उल्लेख गर्दै भनिन्।

तर, यसका लागि 'अमेरिकी कामदार र फर्महरूका लागि समान खेल मैदान' को आवश्यकता पर्दछ अर्थात् चीनमा अमेरिकी लगानीलाई प्रोत्साहन गर्न समानताका आधारमा व्यवहार गर्नुपर्ने र असहमत भएका क्षेत्रहरूमा खुला र प्रत्यक्ष सञ्चारको आवश्यकता हुनुपर्छ। येलेनले भनिन्, 'यसमा संयुक्त राज्य अमेरिका र अन्य देशहरू चिन्तित बनाएको चीनको औद्योगिक क्षमताको मुद्दा पनि समावेश छ। यसले विश्वव्यापी 'समस्या'लाई निम्त्याउन सक्छ।'

बेइजिङले उद्योगका लागि आफ्नो विशाल राज्य समर्थनको बारेमा चिन्तालाई अस्वीकार गरेको छ। गत महिना इभीका लागि यसको सब्सिडीमा इयूको जाँचलाई 'संरक्षणवाद' र अन्तर्राष्ट्रिय व्यापारको राजनीतिकरण गर्ने पश्चिमी प्रयासको एक भागको रूपमा निन्दा गरेको थियो। अमेरिकी राष्ट्रपति जो बाइडेनले स्वच्छ ऊर्जामा घरेलु उत्पादनलाई बढावा दिन जोड दिइरहेका बेला निर्यातको बाढीबारे वासिङ्टनको चिन्ता आएको हो। चीनको अतिरिक्त क्षमताले ती उद्योगहरूको वृद्धिलाई हानि पुऱ्याउन सक्ने नीति निर्माताहरूले चेतावनी दिएका छन्।

'अलब्राइट स्टोनब्रिज ग्रुप'का चीनका लागि साझेदार पल ट्रियोलोले भनिन्, 'विशेषगरी निर्वाचन वर्षमा बाइडेन प्रशासन चीन र विद्युतीय सवारीसाधनको बारेमा अमेरिकी अटो उद्योगको चिन्ताप्रति धेरै संवेदनशील देखिएको छ।'

उनले एएफपीसँगको कुराकानीमा भनिन्, 'सम्भवतः प्रशासनले विद्युतीय सवारीसाधनमा चीनको अत्यधिक क्षमताका कारण भविष्यमा उत्पन्न हुने समस्यालाई रोक्नका लागि पूर्वतयारीका साथ काम गर्न इच्छुक छ भन्ने देखाउन केही कदम चाल्ने छ।' अमेरिकी कार उत्पादन कम्पनीमा यसको असर अझै नदेखिएको तर चीन नीतिको 'नराम्रो असर' दिने चेतावनी उनले दिएकी छन्। *रासस/एएफपी*

# भारी वर्षाका कारण सिड्नी विमानस्थलमा एक सयभन्दा बढी उडान रद्द

सिड्नी- अस्ट्रेलियाको न्यु साउथ वेल्समा भारी वर्षाका कारण सिड्नी विमानस्थलमा १०० भन्दा बढी उडान रद्द भएका छन्। वर्षाका कारण पाँचवटा अन्तर्राष्ट्रिय उडान तथा १०९ वटा घरेलु उडान रद्द भएका हुन्। वर्ष र बाढीको प्रकोप बढ्दै गएकाले आगामी केही घन्टाहरूमा रद्द भएका उडानको संख्या बढ्ने देखिएको छ।

सिड्नी विमानस्थलका प्रवक्ताले स्थानीय सञ्चारमाध्यमलाई बाढी आए पनि रनवेहरू खुला रहेको पुष्टि गरे, तर यात्रुहरूले समय बित्दै जाँदा थप ढिलाइ हुने विषयमा विश्वस्त देखिन्छन्। प्रवक्ताले आँधीबेहरीका कारण केही उडान रद्द र केहीमा ढिलाइ भएको बताउँदै यात्रुहरूलाई उडानको स्थितिबारे सम्बन्धित एयरलाइन्ससँग सम्पर्कमा रहन आग्रह गरे। न्यु साउथ वेल्स क्षेत्रमा रातारात तीव्र र व्यापक वर्षा भएपछि सिड्नीमा सबैभन्दा बढी क्षति भएको छ।

स्थानीय मौसम सेवा प्रदायक 'वेदरजोन'को तथ्यांकले सिड्नीमा शुक्रबार बिहानसम्म २४ घण्टामा १११ मिलिमिटरको वर्षाको साथ पूर्ण डुबानको सामना गरेको थियो।

गम्भीर मौसमी प्रभावले ११ वटा रेल लाइनहरू जोड्ने यातायात केन्द्र 'रेडफर्न स्टेसन'मा उपकरणमा क्षति पुग्दा रेल सेवासमेत प्रभावित भएको छ। रेडफर्नमा मौसमले उपकरणलाई क्षति पुगी विमानको उडानमा ढिलो भएका कारण रेलहरूसमेत निर्धारित समयमा सेवा दिन सकेका छैनन्। मौसम प्रतिकूल नहुँदासम्म हवाई तथा रेल सेवामा ढिलाइ र अवरोध जारी रहने सूचना गरिएको न्यु साउथ वेल्सको सरकारी सडक तथा यातायात कार्यालयले सामाजिक सञ्जालमार्फत उल्लेख गरेको छ।

अस्ट्रेलियाको मौसम विभाग (बिओएम) को पूर्वानुमानअनुसार अझै थप वर्षा हुने सम्भावना बाँकी छ। इलावारा एस्कार्पमेन्ट र ग्रेटर सिड्नी क्षेत्रका भित्री भागहरूमा पनि भारीमात्रामा वर्षा हुने सम्भावना छ। उक्त क्षेत्रमा ३०० मिलिमिटरसम्म वर्षा भएको आँकलन गरिएको छ।

गम्भीर आँधीबेहरीको सम्भावना देखिएकाले शक्तिशाली आँधी र तीव्र हावाका साथ स्थानीय आकस्मिक बाढी र पानीको छेउमा धेरै खतरनाक अवस्था निम्त्याउन सक्ने बिओएम मौसमविद् एंगस हाइन्सले बताएका छन्।

विभागले बाढी आउनसक्ने र डुबान हुनसक्ने सिड्नी महानगर, इलावारा र अन्य पाँच वटा पूर्वानुमानित जिल्लाहरूका मानिसहरूलाई सतर्क रहन आग्रह गर्दै कडा मौसमी चेतावनी पनि जारी गरेको छ। *रासस/सिन्ह्वा*


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य, शिक्षा सूचना तथा संचार केन्द्र

**क्षयरोग सम्बन्धी सूचना !**

क्षयरोग एक प्रकारको ब्याक्टेरियाबाट हुने रोग हो। क्षयरोग लागेको व्यक्ति जसले औषधी खान शुरु गरेको छैन, त्यस्ता व्यक्तिले खोक्दा, हाच्छिउँ गर्दा हावाको माध्यमबाट किटाणुहरु अर्को निरोगी व्यक्तिमा सर्ने सरुवा रोग हो। यो रोग छिट्टै तथा सजिलैसंग फैलने रोग मात्र नभै एउटा प्राण घातक रोग पनि हो तर नियमित औषधी सेवन तथा उपचारबाट यो रोग निको हुन्छ। क्षयरोग मुख्य दुई प्रकारको हुन्छ।

**क. फोक्सोमा लाग्ने क्षयरोग**
- खकारमा किटाणु देखापर्ने (Sputum Positive)
- खकारमा किटाणु देखा नपर्ने (Sputum negative)

**ख. फोक्सो भन्दा वाहिर लाग्ने क्षयरोग**
- क्षयरोगका विरामीहरूमा निम्नलिखित लक्षणहरू देखिन्छन:
- दुइ हप्ता भन्दा वढीसम्म निरन्तर खोकी लाग्ने
- वेलुकी पख हल्का ज्वरो आउने
- खान मन नलाग्ने
- फोक्सो बाहेक अन्य भागमा भए उक्त ठाँउमा दुख्ने, छुदा दुख्ने, सुनीने आदि
- छाती दुख्ने
- खकारमा रगत देखिने
- कमजोर हुदै जाने र राती पसीना आउने
- फोक्सो बाहेक अन्य भागमा भए उल्लेखित लक्षणहरुका साथै सम्वन्धित प्रणाली वा अंगका लक्षणहरु समेत देखा पर्न सक्छन्। जस्तै पेटको क्षयरोग भएमा पेट फल्ने, अपच हुने र कब्जीयत तथा पखाला लाग्ने आदि क्षयरोगका लक्षण देखिनासाथ चाँडै स्वास्थ्य संस्थामा गई जचाउने र रोग पत्ता लाग्नासाथ नियमित रुपले स्वास्थ्य संस्थामा गई पूरा समयसम्म नविराई औषधी खाने। क्षयरोग सजिलैसंग फैलिन सक्ने सरुवा रोग भएकोले क्षयरोगका विरामीबाट रोग नसरोस् भन्नाका लागि विरामीले हाछिँयु गर्दा, खोक्दा वा बस्दा विशेष सतर्कता अपनाउनु पर्छ र रोगीले आफैंले पनि रोग अरुलाई नफैलियोस भनेर उक्त कुरामा सावधानी अपनाउनु पर्छ।

**क्षयरोगका विरामीले निम्नलिखित कुराहरूमा विशेष सावधानी अपनाउनुपर्छ :**
- अरु मानिसको अगाडि खोक्दा अथवा हाछिँयु गर्दा संधै रुमाल, तौलिया अथवा टिस्यु पेपरले नाक र मुख छोप्ने। आफुले प्रयोग गरेको रुमाल अथवा तौलिया बेलाबेलामा राम्ररी धुने र घाममा सुकाउने, टिस्यु पेपरलाई जलाइदिने वा माटोमा गाड्ने वा व्यवस्थित तरिकाले फ्याक्ने।
- खुल्ला ठाँउमा जथाभावी नथुक्ने। खकार, थुकलाई एउटा भाडोमा जम्मा गरेर माटोमा गाडने वा जलाउने।
- विरामीले धुलो ध्वाँ चिसो देखि पर रहनु पर्छ। व्यक्तिगत सरसफाइको साथै विरामीले प्रयोग गरेका सामाग्री हरेक दिन घाममा सुकाउने।
- हरियो सागपात, गेडागुडी अथवा सन्तुलित भोजन उपलब्ध भएसम्म खाने।
- कडा परिश्रम नगर्ने, विरामी भएको बेला आरामको जरुरत हुन्छ।

क्षयरोगको उपचार गर्न सकिन्छ, यदि कसैलाई क्षयरोग लागेको शंका भएमा वा माथिका लक्षणहरू देखा परेमा सकेसम्म नजिकैको स्वास्थ्य संस्थामा गएर परीक्षण तथा उपचार गराउनुपर्छ। क्षरोगको औषधि स्वास्थ्य संस्थामा निशुल्क पाइन्छ। क्षयरोग भएमा स्वास्थ्यकमीको प्रत्यक्ष निगरानीमा नियमित औषधि खानु पर्छ। क्षयरोगको औषधि खान थाले पछि बीच बीचमा औषधि खान छाड्दा यो रोग निको हुदैन र झन् जटिल भएर जान्छ। त्यसैले औषधि नियमित रुपमा खानु पर्छ। गर्भावस्था तथा सुत्केरी अवस्थामा पनि क्षयरोगको औषधि प्रयोग गर्दा कुनै हानी हुँदैन। क्षयरोगको औषधी खान लापरवाही गरेमा वा तौल अनुसारको मात्रा नपुगेको औषधी खाएमा, गुणस्तरहीन औषधी खाएमा क्षयरोगका किटाणुले उक्त औषधीलाई पचाउँछन् जसले गर्दा पुनः त्यो औषधी दिएमा काम गर्दैन र रोग निको हुँदैन। यस्तो खालको रोगलाई जिर्ण क्षयरोग (Multi Drug Resistant TB) भनिन्छ। यस्तो अवस्थामा रोग निको हुने सम्भावना कम हुँदै जाने भएकोले यो अवस्थामा आउन नदिन विरामीलाई नियमित रुपले औषधी खुवाउन समाजका हरेक व्यक्तिले सहयोग गर्नुपर्दछ। यदि समुदायका हरेक व्यक्तिले क्षयरोगको रोकथाम तथा उपचार वारे उचित जानकारी पाएमा र सो वाट बच्ने उपायहरुलाई आफ्नो व्यवहारमा प्रयोग गरेमा यो रोग फैलिन र मानिसको मृत्यु हुने सम्भावनालाई धेरै कम गर्न सकिन्छ। बच्चा जन्मेदेखि जति सक्दो चाँडो १ महिना भित्र क्षयरोगवाट बच्न बि.सी.जी. को खोप एक पटक लगाउनु पर्छ। यदि क्षयरोगको बारेमा अरु जानकारी लिन चाहेमा महिला स्वास्थ्य स्वयंसेविका अथवा नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राख्नु पर्छ। एच.आइ.भी. पोजेटिभ भएका व्यक्तिमा क्षयरोग लाग्ने सम्भावना धेरै हुन्छ, त्यसैले त्यस्ता व्यक्तिले नियमित खकार जाँच गराउनुपर्छ। खकारमा किटाणु भएका विरामीले २ महिनासम्म नियमित औषधी खाएमा रोग सर्ने सम्भावना ज्यादै न्यून हुन्छ। तर रोग पूर्णरुपमा निको हुन पूरा मात्रामा औषधी खानु पर्दछ। शुरुको अवस्थामा रोग पत्ता लागेको क्षयरोगका विरामीले ६ महिनासम्म नियमित औषधी खानुपर्छ भने रोग बल्झिएर पुनः औषधी खान थालेका विरामीले ९ महिनासम्म औषधी खानुपर्छ।



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AL KAMAL TECH EQUIPMENT MAINTENANCE COMPANY

पुर्व स्वीकृति मिति: २०८०/१२/२३ LT. No.303162 चलानी नं. ६०२१७९५६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | My Coffee | 1 | 0 | 1400 | ४९,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १ गते (13th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Emerald Isle Nepal Pvt. Ltd. (GULMI OVERSEAS PVT LTD)
Purano Baneshwor-10, Kathmandu, Nepal. Tel- +977-4488542/4489323
Email:- emeraldislenepal@gmail.com, info@einepal.comSS
श्रम ईजाजत नं. ११०८/०७३/०७४



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MOHAMMED OTHMAN AL-ABDULKARIM CONTRACTING EST

पुर्व स्वीकृति मिति २०८०/११/१० पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२३ LT. No. 300380 चलानी नं. ६०२१५२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 9 | 0 | 1800 | ६३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : CAFÉ QAHWA SIOUF FOR BEVERAGES.

पुर्व स्वीकृति मिति: २०८०/११/२७ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२३ LT. No. 301311 चलानी नं. ६०२१६२१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading and Unloading Labor | 6 | 0 | 1200 | ४२,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : CROSSROADS TRANSPORTATION CORPORATION

पुर्व स्वीकृति मिति २०८०/११/११ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/२३ LT. No. 300495 चलानी नं. ६०२१५३७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Mechanic | 1 | 0 | 1500 | ५३,१८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख १ गते (13th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Kapeel Manpower Pvt. Ltd.
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np
श्रम ईजाजत नं. १८५/०५७/०५८



**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर ५३७/०६१/०६२ यस ABC Placements Pvt. Ltd. मा कार्यरत तपसिल पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी तपशील मितीमा राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दाबी बिरोध सम्बन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ। निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ।

| नाम थर | नागरिकता प्रमाण पत्र नं. |
|---|---|
| सुमित्रा भण्डारी | २२१०५०/६० |
| पुष्पा राई | ०४-०१-७६-०८९७१ |
| निकिता कुमार दाहाल | १९-०२-७१-०२३५५ |

ABC PLACEMENTS PVT. LTD
Gaushala-9, Kathmandu, Nepal, Tel : 977-1-4482340,
Email : infoabcplacement@gmail.com,
info@abcplacement.com, Website: www.abcplacement.com



**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ALWAN ABHA CONTRACTING EST

पुर्व स्वीकृति मिति २०८०/१२/२२ LT. No. :303110 चलानी नं. ६०२१७९३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 4 | 0 | 1000 | ३५,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ वैशाख २ गते (14th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५



**वर्गीकृत विज्ञापन संकलन काउन्टर**

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – १३२७०० / प्रति तोला – १३२०५० / प्रति तोला – १६१५



**ढकमक्क गुराँस** | म्याग्दीको अन्नपूर्ण गाउँपालिका–६ मा अवस्थित पर्यटकीयस्थल घोडेपानीको वनपाखामा ढकमक्क फुलेका विभिन्न प्रजातिका लालीगुराँसका फूल । *तस्बिर: कमल खत्री/रासस*

# सरकार बजेट र नीति तथा कार्यक्रममा केन्द्रित : प्रधानमन्त्री

■ प्रभाव संवाददाता

**गोरखा–** प्रधानमन्त्री पुष्पकमल दाहालले सरकारको अहिलेको ध्यान नयाँ बजेट र नीति तथा कार्यक्रममा केन्द्रित रहेको बताएका छन् । प्रेस सेन्टर नेपाल जिल्ला समन्वय समिति गोरखाको आयोजनामा सदरमुकाममा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उनले सरकारले आगामी आर्थिक वर्षको बजेट नयाँ ढङ्गले ल्याउने तयारी गरेको बताए ।

प्रधानमन्त्री दाहालले भने, 'मैले गतसाल नै भनेको थिएँ सरकारको नीति तथा कार्यक्रम र बजेट बनाउने तरिका अब परम्परागत हुनेछैन, त्यसलाई नयाँ तरिकाबाट सामूहिक विवेकको प्रयोग गर्दै सबै सांसदको राय लिएर बजेट बनाउने प्रक्रिया सुरु भइसकेको छ ।' अध्यादेशमार्फत पुरानै शैलीबाट बजेट ल्याउने परम्परा तोडिएको उनको भनाइ थियो । अब आउने बजेट उत्पादकत्व र रोजगारी केन्द्रित रहने प्रधानमन्त्री दाहालले उल्लेख गरे ।

'दश-बीस लाखका साना बजेट पनि सङ्घीय सरकारले नै गर्ने परम्परा तोडिएको छ', उनले भने, 'तीन




करोडभन्दा साना कुनै पनि आयोजना अब संघीय सरकारले गर्ने छैन, साना आयोजना सबै प्रदेश र स्थानीय सरकारले गर्नेछन् ।'

प्रधानमन्त्री दाहालले सुशासन, समृद्धि र सामाजिक न्यायको क्षेत्रमा सरकार फेरि नयाँ शिराबाट अगाडि बढेको बताए । 'लघुवित्त पीडितको समस्या वार्ताको माध्यमबाट समाधान गरेर टुंग्यायौँ', प्रधानमन्त्री दाहालले भने, 'मिटरब्याज पीडितहरूको पनि सडकमा जटिल समस्या देखिएको थियो, त्यो पनि समाधान भएर गएको छ, सहकारीसम्बन्धी समस्या पनि नयाँ वर्गीकरणसहित समाधान गर्ने प्रक्रियामा सरकार अघि बढेको छ ।'

ललिता निवासको झण्डै एक सय ४२ रोपनी जग्गा सरकारको नाममा फिर्ता ल्याइएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले बाँसवारीको १० रोपनी पनि सरकारको नाममा आएको बताए । 'यी सबै सुशासन र भ्रष्टाचारको विरुद्धमा भएका काम हुन्, भुटानी शरणार्थी प्रकरण पनि अर्को एउटा उदाहरण हो', उनले भने, 'वाइडबडी प्रकरणमा सरकारले चलाएको कदमले पनि भ्रष्टाचार गर्नेहरू कोही छुट्दैनन् भन्ने प्रमाणित भइसकेको छ ।'

फरक प्रसंगमा प्रधानमन्त्री दाहालले बुढीगण्डकी जलविद्युत् आयोजना शिलान्यास गर्न अन्तिम निर्देशन दिइसकेको जानकारी दिए ।

# 'अपेक्षित राजस्व संकलन नहुँदा अर्थतन्त्रको सूचक खुम्चियो'

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री वर्षमान पुनले चालु आर्थिक वर्षको हालसम्मको राजस्व संकलनको अवस्था उत्साहजनक हुन नसक्दा अर्थतन्त्रको आन्तरिक सूचकमा सुधार हुन नसकेको बताएका छन् ।

राष्ट्रपति र उपराष्ट्रपति कार्यालय तथा संघीय संसदसहित संवैधानिक अंगहरूका सचिवहरूसँग आगामी आर्थिक वर्षको बजेट निर्माण र चालु आर्थिक वर्षको समीक्षाका लागि मन्त्रालयमा आयोजित अन्तरक्रियामा उनले लक्ष्य महत्वाकांक्षी राखिए पनि राजस्व वृद्धि अपेक्षित नभएको बताए । चालु आर्थिक वर्षको ९ महिनामा हालसम्म ९ प्रतिशत हाराहारीमा मात्र राजस्व संकलन हुनु राम्रो नभएको उनको भनाइ थियो । यद्यपि आफू मन्त्री भएर आएको करिब एक महिनामा राजस्व संकलनमा केही सुधारका संकेत देखिएको मन्त्री पुनले दावी गरे । राजस्व चुहावट नियन्त्रणका लागि अर्थ र गृह मन्त्रालयको राजनीतिक र प्रशासनिक नेतृत्वबीच समन्वयमा काम अघि बढेको भन्दै मन्त्री पुनले आर्थिक वर्षको बाँकी तीन महिनामा राजस्व संकलनमा सकारात्मक वृद्धि गर्ने लक्ष्य राखिएको बताए ।

'चालु आर्थिक वर्षमा ४१ प्रतिशत राजस्व संकलनको लक्ष्य राखिएकामा म आउँदा ९ प्रतिशत हारामारीमा मात्र वृद्धि रहेछ,' पुनले भने, 'अर्थ र गृहको अन्तर मन्त्रालय समन्वयमा राजस्व चुहावट नियन्त्रणको काम सुरु गरिसकेका छौं । अब राजस्व संकलन बढ्छ ।'

मन्त्री पुनले स्रोतको सीमितताभित्र रहेर सत्ता गठन्धनले संविधानको दायराभित्रै बसेर तय गरेको सरकारको न्यूनतम साझा नीति



तथा कार्यक्रमअनुसार आगामी आर्थिक वर्षको बजेट निर्माणको काम सुरु भइसकेको जानकारी दिए । यो वर्षको बजेट कृषि उत्पादन वृद्धि, विगतमा पुँगीजत खर्चको अवस्था उत्साहजनक नहुने गरेको चर्चा गर्दै मन्त्री पुनले बिना अध्ययन र तयारी हचुवाका भरमा कार्यान्वयन हुन नसक्ने योजना यो वर्षको बजेटमा समावेश नगरिने मन्त्री पुनले स्पष्ट गरे ।

उनले स्रोत सुनिश्चित भएका राष्ट्रिय गौरव र प्राथमिकता प्राप्त अयोजनामा समेत बजेट खर्च हुन नसक्नुको जवाफ राजनीतिक र प्रशानिक नेतृत्वले दिनुपर्ने औंल्याए । मन्त्री पुनले नियामक निकायका अनुसन्धानका कारण कर्मचारी तन्त्र काम गर्न हच्किएको भन्ने चर्चा सुनेको भन्दै विधि, प्रक्रिया र कानुनसम्मत काम गर्दा कोही आत्तिनु नपर्ने स्पष्ट गरे ।

'कर्मचारी तन्त्रमा का मगर्ने वातावरण छैन भनिन्छ । कसैले नियामक निकायको हस्तक्षेपले काम भएन भनेको पनि सुनिन्छ,' पुनले भने, 'कानुन सम्मत काम गर्नेले नियामक निकायसँग डराउनु पर्दैन ।' फरक प्रसंगमा मन्त्री पुनले प्रक्रिया पुगेर आएका पुरानो दायित्व भुक्तानीका फाइल मन्त्रालमा नरोकिने प्रतिबद्धता जनाए । आफू मन्त्री भएको एक महिनामा सामाजिक सुरक्षा, दूग्ध किसान तथा विकास आयोजनाका गरी ७० अर्ब भुक्तानी भइसकेको जानकारी उनले दिए ।

उनले खर्च हुन सक्ने र नतिजा आउने योजनालाई मात्र बजेटको प्राथमितामा राखिने जनाए । अर्को फरक प्रसंगमा मन्त्री पुनले विकास आयोजनाका कामका लागि विनियोजित रकम खर्च नगरी सरकारी निकायले बैंकहरूमा निक्षेपका रूपमा जम्मा गरेर ब्याज लिने प्रवृत्तिलाई विकृतिको संज्ञा दिए । आगामी वर्षबाट यस्तो प्रवृत्ति निरुत्साहित गरिने उनको भनाइ थियो ।

## जुफाल विमानस्थल मर्मत अन्तिम चरणमा

**डोल्पा (प्रस)–** हिमाली जिल्ला डोल्पाको जुफाल विमानस्थल मर्मतको काम ८५ प्रतिशत सकिएको छ । गत फागुन १६ गतेदेखि बन्द भएको विमानस्थलको धावनमार्ग सम्याउनेलगायत गरेर ८५ प्रतिशत काम सकिएको नागरिक उड्डयन प्राधिकरणका इन्जिनीयर वीरप्रसाद शाहीले जानकारी दिए ।

मर्मतका लागि बन्द भएको ३८ दिनमा काम अन्तिम चरणमा पुगेकाले अब ढिलामा एक साताभित्रै सबै काम सम्पन्न हुने शाहीले बताए । 'डोल्पावासीका लागि यातायातको प्रमुख एवं भरपर्दो साधन हवाई यातायात नै भएकाले अहोरात्र काम भइरहेको छ, त्यसमा पनि स्थानीय युवा व्यवसायीको सक्रियताका कारण पनि काम छिटो भयो,' शाहीले भने ।

सकेसम्म वैशाख १ गतेभित्रै हवाई सेवा सञ्चालन गर्ने योजना रहेको उहाँले बताउनुभयो । निर्माणको जिम्मा आजीवन तामाङ मरिन जेभी धादिङले मूल्य अभिवृद्धि करसहित रु छ करोडमा लिएको छ ।

## 'पुँजी पलायन हुन दिंदैनौं'

**काठमाडौं (प्रस)–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सरकारले नेपाली पूँजीलाई पलायन हुन नदिने बताएका छन् । दोलखाको जिरीमा दोस्रो जिरी महोत्सवको उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले लगानीमैत्री वातावरण बनाउन सरकारले आगामी लगानी सम्मेलनमा पहिलो प्राथमिकता स्वदेशी लगानीकर्तालाई दिन लागेको बताए ।

उनले भने, 'नेपालको पूँजीलाई पलायन हुन दिंदैनौं, पूँजी पलायन हुने खतरा बढेको छ, लगानीको पहिलो प्राथमिकता हामी स्वदेशी लगानीकर्तालाई दिंदै छौं, बाह्य लगानीकर्तालाई पनि हामीले आह्वान गरेका छौं, बाह्य पूँजीलाई पनि हामी नेपालमा भित्र्याउन चाहन्छौं ।'

मन्त्री भण्डारीले सरकार लगानी सम्मेलनको तिव्र तयारीमा जुटेको उल्लेख गर्दै लगानीमैत्री वातावरण बनाउन विद्यमान कानुन निर्माण र संशोधन गर्न सरकार लागिपरेको बताए । उनले लगानीसँग सम्बन्धित कानुन संसद्मा छलफलका क्रममा रहेको जानकारी दिए । लगानीकर्ताको लगानी सुरक्षित बनाउन सरकार दृढ संकल्पका साथ कानुन निर्माण तथा संशोधन गर्न लागेको जानकारी गराउँदै मन्त्री भण्डारीले नेपालको स्वाभिमानसित नबाँभिने गरेर वैदेशिक लगानी भित्र्याइने बताए । उनले नेपालमा पर्यटन, उर्जा तथा अन्य स्वदेशी वस्तुको प्रयोग गरेर उद्योग सञ्चालनको वातावरण राम्रो रहेको बताए ।

जनतामा रहेको निराशालाई चिर्दै सरकार आशा जगाउँदै ठोस योजनाका साथ अघि बढेको उल्लेख गर्दै मन्त्री भण्डारीले राष्ट्रिय समस्याको पहिचान गरेर समाधान गर्नुपर्नेमा जोड दिए । उत्पादन भएका बस्तुले बजार नपाउँदा र पूँजी चलायमान नहुँदा आर्थिक गतिविधि घटेकामा उनले चिन्ता व्यक्त गरे ।

चालु अधिवेशनमा कानुन संशोधन गरेर अहिलेको आर्थिक समस्या समाधान गर्न सरकार लागिपरेको मन्त्री भण्डारीको भनाइ थियो । तीन तहका सरकारबीच समन्वय गरेर सङ्घीय सरकार अघि बढेको उनले बताए । 'उत्पादन अभिवृद्धि कार्यक्रम सञ्चालन गर्दैछौं, ब्याजमा अनुदान दिने कार्यक्रम पनि ल्याउँदैछौं, स्थानीय सरकारसँग समन्वय गरेर प्रविधि हस्तान्तरण कार्यक्रम ल्याउने तयारी छ, सरकारले स्वदेशी वस्तुको प्रवर्द्धन गर्न अधिकतम रूपमा नेपाली वस्तु उपभोग गर्ने अभियान सञ्चालन गर्दैछ', मन्त्री भण्डारीले भने ।

शम्भुनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कठौना, सप्तरी, मधेश प्रदेश, नेपाल

शम्भुनाथ नगरपालिकाको हुरीवतास तथा आगलागीबाट बच्ने सम्बन्धी जनहितमा जारी सूचना

गर्मी तथा हुरीवतासका समयमा आगलागीका घटनाहरु भईरहेको छन् । आफनो सानो कमजोरीले गर्दा पनि ठुलो धनजनको क्षती हुन सक्ने हुन्छ। र सो बाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार पूर्वतयारी अपनाऔं।

१) सलाई, लाईटर जस्ता आगो बाल्ने सामाग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठिक नभएका व्यक्तिहरुले भेट्ने ठाउँमा नराखौं।
२) खाना पकाईसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्यास प्रयोगकर्ताले चुलो रेगुलेटर तथा लाईटर आदि समय समयमा निरीक्षण गरौं।
३) चुरोट बिँडिजस्ता वस्तुहरु प्रयोग पश्चात जथाभावी नफालौं र आगो राम्रोसँग निभाऔं।
४) पेट्रोल, डिजेल, ग्याँस स्टेशनको वरिपरि सलाई लाईटर जस्ता सामाग्रीको प्रयोग नगरौं।
५) आगलागीका घटना भएमा तत्काले दमकल, सुरक्षाकर्मी र संचारमाध्यममा खबर गरौं।
६) सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राख्ने व्यवस्था मिलाऔं।
७) आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं।
८) आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं।
९) आगोको वरिपरि छिटै सल्कीने सामानहरु नराखौं।
१०) वन तथा जंगलमा डढेलो नलगाँउ जन, धन र वन को संरक्षण गरौं।
११) हावाहुरी आउन थालेपछि घरको झ्यालढोका वन्द गरौं।
१२) हावाहुरी तथा आगलागीबाट आँफु पनि बचौं अरुलाई बचाऔं।
१३) हावाहुरी चलेको समयमा छानाको हुकहरु के कस्तो अवस्थामा छ, सबै अनुगमन गरी हुक कसेर राखौं,
१४) छतका गमालाहरु सुरक्षित रुपमा मिलाएर राखौं,
१५) हावाहुरी चलेको समयमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं, सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
१६) हावाहुरी तथा आगलागीबाट हुने क्षति हुन नदिन वा कम गर्न पूर्वतयारी एवम सतर्कता अपनाऔं
१७) यस्तो समयमा केटाकेटी बालवच्चा र वुढावुढीहरु तथा असाहय अपाङ्गता भएकालाई मात्र घरमा नछोडौं।
१८) कहीकतै आगलागी भईरहेको छ भने फोटा खिचेर भिडियो बनाएर नवसौं आगो नियन्त्रण गर्न तथा उद्धार गर्न तर्फ सचेत बनौं।
१९) गाउँ गाउँमा यस्ता घटना हुन नदिनको लागि तथा भईहालेमा के कसरी बच्न सकिन्छ भन्ने उपायहरुको जनचेतना अभियान चलाऔं।
२०) संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई घटना हुन नदिनका लागि गरिने सरकारी तयारी साथै भईहालेमा उद्धार तथा राहत कार्यमा तत्परता देखाउन आ-आफनो ठाउँबाट खबरदारी गरौं।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ